

परदेशीभन्दा कबड्डी... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक

ग्राहक प्रति

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300, Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक १९२, काठमाडौं, बुधबार ८ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Wednesday 23 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-


## ग्वाटेमाला १६ नेपाली पक्राउ

**काठमाडौं/रास-** गैरकानुनी रूपमा अमेरिका छिर्ने प्रयास गरेका १६ जना नेपालीलाई ग्वाटेमाला प्रहरीले पक्राउ गरेको छ । उनीहरू बस चढेर ग्वाटेमाला सहर छोड्ने क्रममा आइतबार पक्राउ परेको समाचार एजेन्सी एएफपीले जनाएको छ ।

'मानव तस्करको सूचना पाएर छापा मार्दा उनीहरू पक्राउ परेका हुन्,' ग्वाटेमाला प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

पक्राउ पर्ने सबै पुरुष रहेको पनि सो समाचार संस्थाले जनाएको छ । उनीहरू एसियाबाट कसरी मध्य अमेरिकी देशमा प्रवेश गरे भन्ने विषयमा प्रस्ट हुन सकेको छैन । यसअघि पनि गत अगस्टमा ग्वाटेमाला प्रहरीले ११ नेपालीलाई पक्राउ गरेको थियो ।

फक्राउ परेका नेपालीलाई सरकारी आवासमा राखिएको प्राप्त समाचारमा जनाइएको छ ।

राम्रो काम र आकर्षक दाम पाउने प्रलोभनमा दर्जनौं नेपालीलाई दलालहरूले मोटो रकम असुली गरेर ग्वाटेमाला पुऱ्याउने गरेका छन् ।



*राष्ट्रपति विद्यादेवी भण्डारीमाथि जनकपुरको जानकी मन्दिर दर्शनका क्रममा भएको दुर्व्यवहारको विरोधमा मंगलबार पोखरामा गरिएको विरोध प्रदर्शनका सहभागी । लेकसाइडबाट सुरु भएको प्रदर्शन नगरका विभिन्न भाग परिक्रमा गरी सहिद चोकमा पुगेर कोण सभामा परिणत भएको थियो ।* (समाचार पृष्ठ ३ मा) **तस्बिर : विजय नेपाल/राजधानी**

# मोर्चाले खोज्यो सीमांकन हेरफेरको विश्वसनीय आधार

**विजय चाम्लिङ/राजधानी**
काठमाडौं, ७ पुस

आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले तिन महिनामा संघीय प्रदेशको सीमांकन गर्ने सरकारी प्रस्तावमा विश्वसनीय आधार खोजेको छ ।

मंगलबार संघीय समाजवादी फोरमको कार्यालय तिनकुनेमा बसेको मोर्चाको बैठकले सरकारी प्रस्तावमा कसरी र केका आधारमा सीमांकन हेरफेर हुने हो भन्ने कुरा प्रस्ट नभएको निष्कर्ष निकालेको हो । बैठकले तिन महिनाभित्र सीमांकनको विवाद टुंगो लगाउने सरकारी प्रस्ताव विश्वसनीय नभएको तथा संविधान संशोधन विधेयक अपूर्ण रहेको निष्कर्षसहित मधेस आन्दोलन यथावत् राख्ने निर्णय गरेको छ । तर, मधेस आन्दोलनका माग सम्बोधन हुने गरी संविधान संशोधन विधेयक परिमार्जन गर्ने तथा तिन महिनाभित्र सीमांकन फेरबदल गर्ने विषयमा सरकारसहित प्रमुख दलबाट ठोस प्रतिबद्धता आएको खण्डमा भने आन्दोलन रोकेर सहमतिमा आउन तयार रहेको मोर्चाका नेताहरूको भनाइ छ ।

'संविधान संशोधन विधेयक परिमार्जन गरेर कंक्रिट बनाइयो भने काम लाग्न सक्छ तर यथास्थितिमा जस्ताको तस्तै पास गरियो भने काम लाग्दैन,' संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले भने, 'सरकारको तर्फबाट अमूर्त कुरा आएको छ, जुन हाम्रा लागि स्वीकार्य हुन सक्दैन ।' सरकारले मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएर गत सोमबार मात्रै मोर्चासामु तिनबुँदे प्रस्ताव गरेको थियो । जसमा संविधान संशोधन विधेयकमार्फत राज्यका हरेक अंगमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने, प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहने गरी जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम गर्ने र तिन महिनाभित्र राजनीतिक समितिमार्फत सीमांकनको विवाद टुंगो लगाउने उल्लेख छ ।

(बाँकी पृष्ठ २ मा)

## आन्दोलन रोकी वार्तामा आउन एमालेको आग्रह

**काठमाडौं/रास-** सत्तारूढ एमालेले सीमा नाका अवरोधलगायतका आन्दोलन रोकी वार्ताबाट निकास खोज्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चालाई आग्रह गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार साँझ बसेको एमाले स्थायी समितिको बैठकले सरकारले पठाएको तिनबुँदे पत्रको आधारमा वार्तामा बसी निकास खोज्न मोर्चालाई आग्रह गरेको हो ।

बैठकले संसद्मा पेस भएको संविधान संशोधन विधेयकलाई पारित गर्ने प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको एमाले सचिव एवं प्रचार विभाग प्रमुख योगेश भट्टराईले जानकारी दिए । 'संसद्मा पेस भएको संविधान संशोधन विधेयकलाई पारित गर्ने प्रक्रिया अघि बढाउने निर्णय भएको छ, त्यसैअनुसार हामी अघि बढछौं,' भट्टराईले राजधानीसँग भने । बैठकले उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापाको चीन भ्रमणलाई उपलब्धिपूर्ण बनाउनुपर्नेमा जोड दिएको छ ।

पारवहन सन्धि, उत्तरी नाका सहज बनाउने, पेट्रोलियम पदार्थको आपूर्तिलगायतका सम्झौता गरेर भ्रमण अधिकतम नेपालको हितमा केन्द्रित गराउनुपर्नेमा जोड दिइएको सचिव भट्टराईले बताए । त्यस्तै, पूर्वाधार विकासमा सघाउन, पेट्रोलियम पदार्थको भण्डार निर्माण, भूकम्पपछिको पुनर्निर्माणमा सहयोग बढाउन, छात्रवृत्ति कोटा बढाउन पनि चीनलाई आग्रह गर्नुपर्नेमा बैठकले जोड दिएको छ । प्रधानमन्त्री एवं अध्यक्ष केपी ओलीले भ्रमणबारे बैठकमा ब्रिफिङ गरेका थिए । बैठकले पार्टीको विभिन्न विभागलाई तत्काल पूर्णता दिने गरी अन्तिम नामावली आगामी स्थायी समिति बैठकमा प्रस्तुत गर्न केन्द्रीय सचिवालय र संगठन विभागलाई निर्देशन दिएको छ । विभागले सम्भावित व्यक्तिहरूको नामावली तयार गरिसकेकोमा सचिवालयले सन्तुलन मिल्ने गरी अब आवश्यक संख्या मात्रै सिफारिस गर्नेछ । बैठकले स्थायी समिति सदस्यमा मनोनीत पूर्वसभामुख सुवासचन्द्र नेम्वाङलाई संसदीय विभाग प्रमुखको जिम्मेवारी दिएको छ ।

# बत्ती आउँदा मात्रै खुल्न थाले बैंक

## इन्धनको व्यवस्था गरिदिन राष्ट्र बैंकसँग गुहार

**शिव सत्याल/राजधानी**
काठमाडौं, ७ पुस

पैसा राख्न वा निकाल्न बैंक जाँदै हुनुहुन्छ भने पहिला लोडसेडिङको तालिका हेर्नुहोला । अन्यथा तपाईंले पैसा राख्न वा झिक्न नपाउन सक्नुहुन्छ । इन्धन अभावका कारण बैंक तथा वित्तीय संस्थाहरूले बत्ती आउने समयमा मात्रै यस्तो कारोबार गर्न थालेका छन् ।

इन्धन अभावका कारण सबै बैंक तथा वित्तीय संस्थाले सन्ध्याकालीन सेवा बन्द गरिसकेका छन् । सेवा खुल्ने भनिएको समयमा पनि बत्ती आएको बेलामा मात्रै सेवा सञ्चालन हुन थालेको छ । आफूहरूको सेवा सञ्चालन गर्नका लागि आवश्यक न्यूनतम इन्धन पनि नपाएका कारण सन्ध्याकालीन सेवा बन्द गर्नुपरेको बैंकर्सको भनाइ छ । सरकारले अत्यावश्यक सेवा भन्दै विभिन्न सेवाका लागि इन्धनको व्यवस्था गरे पनि बैंकिङ क्षेत्रका लागि अहिलेसम्म त्यस्तो व्यवस्था गरेको छैन ।

इन्धन अभावकै कारण वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूले बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म मात्रै नगद कारोबार गर्ने गरेका छन् । सो समयमा पनि कतिपय बैंक तथा वित्तीय संस्थाका शाखाहरू बत्ती आएको बेलामा मात्रै खुल्ने र केहीले शाखा नै बन्द गरेर केन्द्रीय कार्यालयमा जान सेवाग्राहीलाई अनुरोध गर्ने गरेका छन् ।

सरकारले अत्यावश्यक सेवाका लागि इन्धन अभाव हुन नदिने बताए पनि बैंकिङ सेवाका लागि इन्धनको व्यवस्था नगरेको नेपाल बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेलले बताए । वाणिज्य बैंकहरूका लागि निगमको तोक आदेशमा थानकोट डिपोबाट केही मात्रामा डिजेल पाइने गरेको भए पनि पेट्रोल नपाउँदा एक शाखाको नोट अर्को शाखामा लैजान समस्या उत्पन्न भएको र यसले बैंकिङ सेवा प्रभावित भएको उनको भनाइ छ ।

'डिजेल पाउनका लागि पनि निगमलाई पत्र लेख्नुपर्छ, अनि निगमले तोकेको पम्पबाट केही मात्रामा डिजेल पाउने गरिएको छ, यसरी पाउने डिजेल पनि पर्याप्त नभएपछि सन्ध्याकालीन सेवा बन्द गरिएको हो,' एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका पौडेलले *राजधानी*सँग भने । इन्धन पाउन यस्तै गाह्रो हुने हो भने बत्ती आएको बेलामा मात्रै सेवा दिने प्रबन्ध मिलाउनुपर्ने अवस्था आउन सक्ने उनको भनाइ छ । सेवा सञ्चालन गर्नका लागि जेनेरेटर चलाउनुपर्ने र अधिकांश वाणिज्य बैंकले डिजेलबाट चल्ने जेनेरेटर राखेका छन् ।

बैंकहरूलाई मागेजति इन्धन दिन नसके पनि केही मात्रामा दिने गरिएको नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्काले बताए । 'उहाँहरूले मागेजति इन्धन दिन सक्ने अवस्था त छैन तर अत्यावश्यक सेवा भएकाले माग आउनेबित्तिकै केही मात्रामा भए पनि इन्धन उपलब्ध गराउने गरिएको छ,' कार्यकारी निर्देशक खड्काले *राजधानी*सँग भने । सेवा सञ्चालन गर्न समस्या भएपछि बैंक तथा वित्तीय संस्थाहरूका संगठनले इन्धनको व्यवस्था गरिदिन नेपाल राष्ट्र बैंकसँग अनुरोध गरेका छन् ।

(बाँकी पृष्ठ २ मा)

# एमाओवादीले तोक्यो सातै प्रदेशमा कमान्डर

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, ७ पुस

एकीकृत नेकपा माओवादीले संघीय प्रदेशअनुसार 'कार्यकारी' प्रादेशिक पार्टी संरचना निर्माण गर्दै नेताहरूको कार्य विभाजन गरेको छ । यसअघि प्रयोग गर्दै आएको राज्य समिति विघटन गर्दै उसले पार्टी संरचनालाई प्रादेशिक संगठन समितिमा बदलेको हो ।

मंगलबार बसेको केन्द्रीय समिति बैठकले अध्यक्ष पुष्पकमल दाहालले प्रस्ताव गरेको संगठन र कार्य विभाजनसम्बन्धी प्रस्तावलाई अनुमोदन गर्दै त्यस्तो निर्णय गरेको छ । यो निर्णयसँगै एमाओवादीको राज्य समिति स्वतः भंग भएको छ । यसैगरी, एमाओवादी जातीय सांगठनिक संरचनाबाट पनि अब मुक्त भएको छ ।

### राज्य समिति र जातीय सांगठनिक संरचना भंग

### सातओटै प्रादेशिक संगठन समिति निर्माण

### तिन महिनामा संगठनसम्बन्धी बृहत् कार्यशाला चलाइने

### केन्द्रीय समितिका रिक्त पद तिन महिनाभित्र पूर्ति गर्ने

### प्रकाशन विभागमा अध्यक्ष दाहाल र स्कुलिङमा उपाध्यक्ष श्रेष्ठको नेतृत्व

बैठकले प्रादेशिक संगठन समितिको इन्चार्ज र सेक्रेटरी तोकेको छ । जसअनुसार १ नम्बर प्रदेश इन्चार्जमा पोलिटब्युरो सदस्य राम कार्की र सेक्रेटरीमा पोलिटब्युरो सदस्य प्रल्लाद बुढाथोकी, २ नम्बर प्रदेश इन्चार्जमा पोलिटब्युरो सदस्य विश्वनाथ शाह र सेक्रेटरीमा छत्रबहादुर श्रेष्ठ, ३ नम्बर प्रदेश इन्चार्ज महासचिव कृष्णबहादुर महरा र सेक्रेटरीमा लिलामणि पोखरेल, ४ नम्बर प्रदेश इन्चार्जमा पोलिटब्युरो सदस्य डिलाराम आचार्य र सेक्रेटरीमा हरि अधिकारीले जिम्मेवारी पाएका छन् ।

त्यस्तै, ५ नम्बर प्रदेशको इन्चार्जमा स्थायी समिति सदस्य चक्रपाणि खनाल र सेक्रेटरीमा जगप्रसाद शर्मा, ६ नम्बर प्रदेशको इन्चार्जमा स्थायी समिति सदस्य जनार्दन शर्मा र सेक्रेटरीमा कालिबहादुर मल्ल एवं ७ नम्बर प्रदेशको इन्चार्जमा पोलिटब्युरो सदस्य लेखराज भट्ट र सेक्रेटरीमा पोलिटब्युरो सदस्य खगराज भट्टले जिम्मेवारी पाएका छन् । १ र ३ नम्बर प्रदेशका सेक्रेटरी क्रमशः बुढाथोकी र पोखरेलले भने जिम्मेवारी लिन अस्वीकार गरेका छन् । पोखरेलले ३ नम्बर प्रदेशको इन्चार्जकै दाबी गर्दै आएका थिए ।

एमाओवादीले १ र ३ नम्बर प्रदेशका प्रस्तावित सेक्रेटरीका विषयमा पार्टी स्थायी समिति बैठकबाट टुंगो लगाउने जनाएको छ ।

(बाँकी पृष्ठ २ मा)







सम्पादकीय

# राष्ट्रप्रमुखको अपमान र दण्डहीनता

विवाह पञ्चमीको अवसरमा जनकपुरमा राष्ट्रपति विद्यादेवी भण्डारीमाथि भएको दुर्व्यवहारको सर्वत्र निन्दा भइरहेको छ । रामजानकी मन्दिरमा पूजाका लागि पुगेकी राष्ट्रपति भण्डारीका विषयमा मधेस मोर्चाका नेता एवं कार्यकर्ताले जुन शैलीको टीका टिप्पणी गरे सभ्य समाजका लागि त्यस किसिमका टीका टिप्पणी कुनै हालतमा सह्य हुँदैन । अर्को कुरा राष्ट्रपतिलाई केवल कुनै व्यक्तिसँग जोडेर हेर्न मिल्दैन । राष्ट्रपति पद मुलुकको सर्वोच्च संस्था हो । तसर्थ, मुलुकको सर्वोच्च संस्थाविरुद्ध नै गरिएका यस्ता हर्कतमा जोसुकैलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । राष्ट्रपतिविरुद्ध यस किसिमको अभिव्यक्ति दिनेलाई कारबाहीको दायरामा ल्याउनु सरकारको कर्तव्य मात्र होइन, अनिवार्य दायित्व पनि हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध के–कस्तो हर्कत कसले गर्‍यो भन्ने थप खोजी गरिरहनुपर्दैन । विभिन्न सामाजिक सञ्जालमा पोस्ट गरिएका अभिव्यक्ति र तस्बिरबाटै हुर्मत लिने कार्यमा कोको संलग्न थिए, स्पष्ट हुन्छ । तसर्थ घटनामा जोजो संलग्न थिए, तिनलाई तत्काल पक्राउ गरेर कारबाहीको दायरामा ल्याउनु नै एक मात्र विकल्प हो । तर, वर्तमान क्रियाकलापले राष्ट्रपतिमाथिको अपमान र दुर्व्यवहारलाई पनि मधेसी मोर्चाविरुद्धको नाराका रूपमा मात्रै प्रयोग गर्न चाहन्छ सरकार भन्ने देखिन्छ । राष्ट्रपतिविरुद्ध गरिने यस्ता घृणित कार्य र अभिव्यक्तिकर्तामाथि सरकारले आजका दिनसम्म कारबाहीको दायरामा नल्याउनु अर्को विस्मयको विषय हो । राष्ट्रपति, प्रधानमन्त्री वा सार्वजनिक पद धारण गरेका कुनै पनि व्यक्तिको व्यक्तित्वमा आँच आउने अभिव्यक्ति एउटा विषय हो तर जनकपुरमा समाजलाई नै लज्जित पार्ने खालको गतिविधि भएको छ । राष्ट्रपतिका विषयमा मधेसी मोर्चाका कार्यकर्ताले गरेको टीका टिप्पणी र दुर्व्यवहार नेपालको कानुन र सामाजिक मर्यादाविपरीत छ । यस्ता कार्यमा संलग्नहरूलाई कानुनी कारबाही गर्नुबाहेकको विकल्प छैन ।

अहिले राष्ट्रपतिका विषयमा निर्लज्ज टिप्पणी गर्नेहरूलाई कारबाहीको दायरामा नल्याउनु भनेको यस्तै किसिमका हर्कत गर्न चाहनेहरूका लागि भोलिलाई बाटो बनाइदिनुजस्तै हो । पर्वअनुसार विभिन्न मठमन्दिरमा राष्ट्रपति सहभागी हुनुलाई सिंगो नेपालीकै प्रतिष्ठासँग गाँसेर हेर्ने हाम्रो चलन छ । जनकपुर मात्रै होइन, नेपालका थुप्रै मठमन्दिरमा राष्ट्रपतिलाई सहभागी गराउने चलन छ । तसर्थ, फेरि पनि राष्ट्रपति वा अरू सार्वजनिक पद धारण गरेको व्यक्तिका विषयमा यस किसिमका हर्कत नदोहोरियोस् भन्न पनि राष्ट्रपतिको अपमान गर्नेलाई कारबाहीको दायरामा ल्याउन जरुरी छ । आशा गरौं, सरकार फेरि यही विषयमा केवल टिप्पणी मात्रै गरेर बस्नेछैन र सामाजिक कुरीतिका हिमायतीलाई तत्काल कारबाही गरेर अगाडि बढ्नेछ । त्यसो भए राष्ट्रपतिको सम्मान मात्रै बढ्नेछैन, सामाजिक सद्भाव र कुरीति निम्त्याउन खोज्नेहरू पनि निरुत्साहित हुनेछन् ।

# नयाँ संविधान : बोध, अपनत्व र कार्यान्वयन



■ रघुराम पराजुली

अल्पज्ञान निकै खतरनाक हुन्छ भन्ने भनाइ नेपाली समाजमा निकै पहिलेदेखि चलनचल्तीमा रहेको छ । कुनै पनि विषयमा पूरापुर ज्ञान भएन भने त्यस विषयका राम्रा नराम्रा पक्षहरू खुट्याउन गाह्रो हुन्छ । कि त थाहा नै नहुँदा या चासो नै नहुँदा विरोध या अन्तरविरोध आउँदैन, या त पूर्ण जानकारी भइसकेपछि राम्रा नराम्रा पक्षहरूलाई आत्सात् र सुधार गर्दै अगाडि बढ्ने प्रण गरिन्छ । प्रसंग नेपालको संविधान २०७२ र यससँग सम्बन्धित घटना परिघटनाहरूको हो । संविधानकै विषयलाई लिएर भएका घटनाक्रमहरूका कारण अहिले आमनेपालीको दैनिकी अत्यन्तै दुःखदायी बनेको छ । साँझबिहान हातमुख जोड्ने जोहो गर्नसमेत हम्मेहम्मे भइरहेको छ । खासगरी मध्यम तथा निम्न वर्गका नागरिकहरूमा यसको प्रभाव बढी देखिएको छ । नेपालमा मानवीय संकट आइपर्न सक्ने धारणाहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्था तथा समुदायबाट आइरहेका छन् ।

विषयवस्तुको राम्रो विश्लेषण र आँकलन नभई टीकाटिप्पणी गरिनु, विरोध गरिनु या विरोधमा उक्साहट गर्नु नेपाल र नेपालीका लागि न त मर्म नै हो न त धर्म नै । राजनीतिक परिवर्तन, प्राकृतिक विपत्ति र सामयिक संक्रमणकालको अवस्थामा संयमित भएर सबै राजनीतिक दल राष्ट्रहितमा उभिनुपर्ने कि सधैंसधैं किचलो र अन्तरविरोधमा अल्मलिने ? संसद्बाट पुनर्निर्माण विधेयक पारित भइसकेको र संविधान संशोधन विधेयक पारित हुने चरणमा छ । संविधान संशोधनमा संविधानप्रति असन्तुष्ट सबै पक्षको अनिवार्य सामूहिक सहभागिता गराइनुपर्दछ र व्यापक छलफलबाट राष्ट्र हितमा हुने गरी सहमति र समझदारी गरी गतिरोधको अन्त्य गराउनु अत्यन्त आवश्यक छ । यसमा सबै पक्षले आ-आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक निभाउन सक्नुपर्दछ ।

नेपाल र नेपालीको अथक मेहनत, संघर्ष र लामो धैर्यबाट प्राप्त संविधानबाट नागरिकले भइरहेका आर्थिक, सामाजिक अवस्थामा अपेक्षित सुधार ल्याउने आशा राख्नु स्वाभाविकै हो । संविधानमा सबैका अधिकार सुनिश्चित होऊन् भन्नेमा कसरत गर्नु पनि जायज नै छ । तर, अधिकारहरूको सुनिश्चितता गर्ने नाउँमा मुलुकमा कायम अनेकौं विविधताबिचको एकता र सहिष्णुतामा आँच लगाउने गरी सद्भाव बिथोल्ने कार्यहरू अहिलेकै संविधानअनुसार पनि दण्डनीय छन् । त्यसैले, संविधानको परिपालना भनेको सर्वसाधारण र राजनीतिप्रति बढी चासो नराख्ने या पार्टीको झन्डा या झोला नबोक्ने मानिसहरूलाई मात्र लागू हुने होइन । त्यसैले, नेपालको नयाँ संविधान गत ३ असोजबाट लागू भइसकेको छ र यसको कार्यान्वयन गर्नु र कार्यान्वयन गराउनमा भूमिका निभाउनु सबैको दायित्व हुन आउँछ । जतिजति संविधानको परिपालना हुँदैन, त्यतित्यति संविधान पनि अपहेलित हुँदै जाने हुन्छ ।




मुलुक संघीय शासन प्रणालीमा गएसँगै राज्यको पुनःसंरचना संघ, प्रदेश र स्थानीय निकायमा मात्र नभएर राज्यका हरेक निकायमा गरिनुपर्दछ र हुन्छ । त्यसैले पनि यो एक झन्झटिलो र खर्चिलो पनि हुन सक्छ । यति हुँदाहुँदै पनि कुनै एक समय या परिस्थितिको राज्यको संरचना अर्को राजनीतिक परिवेशमा असान्दर्भिक र अस्वाभाविक हुन सक्ने भएकाले राज्यको पुनःसंरचना आवश्यक भएको हो । नेपालको वर्तमान पुनःसंरचनाको माग र आवश्यकता पनि शासन प्रणालीमा आएको परिवर्तन र विश्व राजनीतिमा विकसित घटनाक्रमहरूको ऊर्जा र प्रभाव नै हो ।

**संविधानको परिपालना भनेको सर्वसाधारण र राजनीतिप्रति बढी चासो नराख्ने या पार्टीको झन्डा या झोला नबोक्ने मानिसहरूलाई मात्र लागू हुने होइन। त्यसैले, नेपालको नयाँ संविधान गत ३ असोजबाट लागू भइसकेको छ र यसको कार्यान्वयन गर्नु र कार्यान्वयन गराउनमा भूमिका निभाउनु सबैको दायित्व हुन आउँछ। जतिजति संविधानको परिपालना हुँदैन, त्यतित्यति संविधान पनि अपहेलित हुँदै जाने हुन्छ।**

६५ वर्षे लामो संघर्षपश्चात् संविधानसभाले बनाएको संविधानमा असन्तुष्टि व्यक्त गर्दै आन्दोलनमा होमिएका तराई-मधेस केन्द्रित दलहरूका बन्द, हडताल, आन्दोलन तथा नाकाबन्दीजस्ता झन्झटका कारण नागरिकहरू निराश बनिरहेको अवस्था छ । जनताका आधारभूत आवश्यकता परिपूर्ति नहुने तथा नैसर्गिक अधिकारसमेतको हनन भएको छ । मानव अधिकारको उल्लंघन भइरहेको छ । नेपालको भूराजनीतिक अवस्थितिलाई कमजोर ठान्ने र जुनकुनै हालतमा पनि नेपाल भारतमाथि निर्भर रहिरहन्छ भन्ने मान्यताभन्दा पनि नेपालीहरू कृषि उपजदेखि हरेक निर्माण तथा पूर्वाधारका सामानहरू, इन्धन, औषधिलगायत आधारभूत आवश्यकताका चिजमा भारतसँग निर्भर रहनु खतरनाक र घातक हो ।

नेपालको संविधान २०७२ ले धारा ४८ मा राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भनेको छ । सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषणविरुद्धको हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्याय तथा सामाजिक सुरक्षाको हकजस्ता निकै महत्त्वपूर्ण मौलिक हकहरूको व्यवस्था गरी विभेदरहित समावेशिता, स्वतन्तत्रा र समतामूलक समाजको परिकल्पना गरेको छ । यसरी नै भाग २७ मा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोगजस्ता आयोगको प्रावधान गरेको छ । धारा ८४ (ख) (२) मा समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख छ । त्यस्तै, गाउँ कार्यपालिकाको गठनमा चार महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट दुई सदस्य रहने र नगर कार्यपालिकाको गठनमा पाँच महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट तिन सदस्य रहने प्रावधान छ । त्यसैगरी, राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिंग वा समुदायको हुनुपर्ने, प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा प्रदेश सभाको सभामुख र उपसभामुख एक महिला र फरकफरक दलको हुनुपर्ने र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक महिला हुनुपर्ने व्यवस्था गरी लैंगिक तथा समावेशितामा जोड दिइएको छ ।

यसरी संविधानमा कहाँ, कसको, के अधिकार छुट्यो या परेन भन्ने विषयलाई मात्र उठाउनुभन्दा समावेश भएका राम्रा र अग्रगामी प्रावधानहरूको सहर्ष स्वीकार्यता जनाउनु र परिपालना गर्नु/गराउनु नेपालीको कर्तव्य हुन आउँछ । अपुग विषयहरूको सम्बोधन गराउन संविधानको धारा २७४ ले मार्गप्रशस्त गरेको हुनाले नागरिक हकहितमाथि कुठाराघात हुने गरी बन्द, हडताल तथा सीमा नाका अवरोध गर्दा मानवीय संकट निम्तिन सक्ने भएकाले मानवीय संवेदनशीलतालाई ख्याल गरी नागरिकहरूको जीउधन, गाँस, बास तथा कपासका साथै आधारभूत आवश्यकताहरूको परिपूर्तिमा खलल पुग्ने खालका गतिविधिलाई निरुत्साहित गराउनुपर्दछ ।

निर्णय प्रक्रियादेखि निर्णय कार्यान्वयनसम्म जिम्मेवारीपूर्वक सहभागिता अपरिहार्य हुन्छ । हरेक निर्णयहरूमा सम्बद्ध सबै पक्षको राय, सुझाव र तत्परता आवश्यक रहन्छ । जहाँजहाँ जेजे खालका मुद्दाहरू उठाइए तापनि नेपाली जनताले निकै दुःख कष्ट भोग्नुपरेको छ अहिले । नेपालीको दैनिकी निकै सास्तीपूर्ण बनेको छ । राजनीतिक विषयहरूको राजनीतिक उपचार गर्नुको सट्टा हिंसा, बन्द, हडताल तथा नाकाबन्दीजस्ता नाजायज र अव्यावहारिक व्यवहार गर्नु मुलुक र नागरिकको हितमा कदापि हुन सक्दैन । विशुद्ध राष्ट्रिय भावनाबाट अभिप्रेरित भई अत्यन्तै संवेदनशील र सकारात्मक ढंगबाट संविधानका अपरिपक्व प्रावधानहरूलाई परिपक्व बनाउँदै 'नेपालको संविधान, हाम्रो संविधान' भन्ने सबैको सामूहिक धारणा बन्ने अवस्था सिर्जना हुनु आवश्यक छ । तब मात्र संविधानको सबल कार्यान्वयन हुन सक्छ ।

# कुशल छिमेकीको कुटिल कूटनीति



■ रत्न प्रजापति

विशेष गरी जाडोयाममा चिसोका कारण रुघा मर्कीले नाक बन्द भएर नाकाबन्दीको समस्या भोग्दै आएका नेपालीले छिमेकी मुलुकले नाकाबन्द गरिदिँदा नाकाबन्दीको असर पनि भोग्नुपर्‍यो । नाकाबन्दी हुँदा औषधि खाएर नाक खुलाएका नेपालीले नाकाबन्दीका कारण औषधिसमेत आउन छोडेपछि त्यही नाकबन्दी पनि खुलाउन असमर्थ हुनुपर्ने स्थिति सिर्जना भएको छ । यसले गर्दा नाकबन्दी र नाकाबन्दीको असर उत्तिकै कष्टकर हुँदो रहेछ भन्ने अनुभव नेपालीले सँगाल्न पाएका छन् । जाडोयामले गर्दा नाकाबन्दी र नाकाबन्दीको दोहोरो समस्या एकैचोटि झेल्नुपर्दा नेपाली जनताले दोहोरो कष्ट सहनुपरेको छ । यसले गर्दा नेपाली जनताको दैनिक जीवन निकै नै कष्टकर हुन पुगेको छ । तर, देशको प्रशासन चलाउने ठुला कर्मचारी र शासन चलाउने सरकारका ठुला ओहोदाधारीले पनि त्यस्तो कष्ट सहनुनपर्ने हुँदा उनीहरूले आमनेपालीले भोग्नुपरेको नाकबन्दी र नाकाबन्दीको दोहोरो समस्याको अनुभूतिसमेत नगरेकाले उनीहरू यस्तो समस्याप्रति गम्भीर र संवेदनशीलसमेत भएका छैनन् । सम्भवतः नाकाबन्दी बढ्नु र नाकाबन्दी लम्बिनुको एउटा मुख्य कारण यही नै हो ।

नेपाली जनताले नाकाबन्दीको समस्या त हरेक जाडोयाममा भोग्दै नै आएका हुन् । यद्यपि, नाकाबन्दी पनि पहिलो पटक भोगेको भने होइन । यसअघि पनि हाम्रो निकट छिमेकी मित्रदेशको बदनियतपूर्ण कृपाले नेपाली जनताले दुई पटक यस्तो नाकाबन्दी भोगिसकेका छन् र बेहोरिसकेका छन् । २०२७ सालमा पहिलो पटक यस्तो नाकाबन्दी भएको थियो भने दोस्रो पटक २०४५ सालमा भएको थियो । २०२७ सालमा व्यापार तथा पारवहन सम्झौता समयमै नवीकरण हुन नसकेको अवस्थालाई कारण मानेर भारतले केही समय नाकाबन्दी गरेको थियो । सो समयमा भारतले नेपालको समुद्रपार तथा भारततर्फको वस्तु निकासीमा परिमाणात्मक बन्देज लगाएको थियो । त्यसैगरी, ०४५ सालमा करिब १५ महिनासम्म भारतले नेपालमा आर्थिक नाकाबन्दी गरेको थियो । ०२७ सालमा नेपालले अरनिको राजमार्ग निर्माण गरी तातोपानीतर्फको नाकाबाट चीनतर्फको व्यापार बिस्तार गरेकोले भारतले नाकाबन्दी लगाएको थियो । ०४५ सालमा सुरक्षा निकायको लागि नेपालले चीनबाट हातहतियार खरिद गरेको भन्दै भारतले पारवहन सम्झौता गर्न आलटाल गरी नेपालमाथि आर्थिक हूहूहूहूहूनाकाबन्दी गरेको थियो ।

अहिले पनि संविधानसभाबाट नयाँ संविधान निर्माण भएपश्चात् भारतसँगको पारवहन सम्झौताको म्याद सकिन करिब एक वर्ष बाँकी रहेको अवस्थामा नेपालमा जारी संविधानप्रति असहमति र असन्तुष्टि जनाउँदै नेपालजस्तो विभिन्न अभिसन्धि तथा सम्झौताहरूका हस्ताक्षरकर्ता मुलुकले भूपरिवेष्ठित मुलुकको नाताले निर्वाध रूपमा पाउनुपर्ने पारवहनको सुविधा घोषित रूपमा अन्त्य गर्न असजिलो भएकोले भारतले हाल अघोषित रूपमा नाकाबन्दी गरेको नेपाल राष्ट्र बैंकद्वारा सार्वजनिक 'भारतको अघोषित नाकाबन्दीले नेपालको अर्थतन्त्रमा पारेको असर' नामक प्रतिवेदनमा उल्लेख गरिएको छ । गत असोजको पहिलो साताबाट सुरु भएको यो नाकाबन्दीका कारण सिर्जना भएको विभिन्न अत्यावश्यक वस्तुको अभावले नेपाली जनताको दैनिकी अव्यवस्थित र कष्टकर त बनेको छ नै, साथै राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर असर परेको छ । भारतले गरेको तीनओटै नाकाबन्दीबाट हामीले बुझ्नुपर्ने एउटै निचोडचाहिँ के हो भने भारत असल होइन, कुशल छिमेकी हो, जो कुटिल कूटनीति अपनाउन माहिर छ । ऊ कहिल्यै पनि आफ्नो छिमेकीको विकास, उन्नति र समृद्धि होस् भन्ने चाहँदैन ।

**भारतले गरेको तीनओटै नाकाबन्दीबाट हामीले बुझ्नुपर्ने एउटै निचोडचाहिँ के हो भने भारत असल होइन, कुशल छिमेकी हो, जो कुटिल कूटनीति अपनाउन माहिर छ । ऊ कहिल्यै पनि आफ्नो छिमेकीको विकास, उन्नति र समृद्धि होस् भन्ने चाहँदैन ।**

भारतले २०४५ सालमा गरेको नाकाबन्दी र अहिलेको नाकाबन्दीमा एउटा संयोग पनि परेको छ । २०४५ साल भदौ ५ गते नेपालको पूर्वी क्षेत्रमा ठूलो क्षति हुने गरी भूकम्प गएको थियो । त्यसको करिब ६ महिनापछि भारतले नेपालमाथि आर्थिक नाकाबन्दी गरेको थियो । अहिले पनि नेपालमा विनाशकारी भूकम्प गएको करिब पाँच महिनापछि भारतले नेपालमाथि आर्थिक नाकाबन्दी गरेको छ । प्राकृतिक विपत्तिको बेलामा भारतले निकै ठुलो सहयोग गरेको साँचो हो तर उसको सहयोग गर्ने तरिकामा निकै प्रश्न उठेको थियो र उसको सहयोग पनि विवादास्पद बनेको थियो । यसबाट भन्न सकिन्छ भारत छिमेकमा आफ्नो प्रभुत्व जमाइराख्न हरेक प्रकारको कूटनीतिदेखि रणनीतिसम्म अपनाउन तयार हुन्छ । उसको सरकारले बेलामौकामा जतिसुकै नरम व्यवहार प्रदर्शन गरे पनि उसको विदेश नीतिमा सोही व्यवहारअनुरूपको परिवर्तन भने आउने गरेको छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको व्यवहारमा समयक्रममा देखिएको भिन्नताले पनि यसलाई पुष्टि गरेको छ । त्यसैले अहिलेको नाकाबन्दी पनि भारतले नेपाललाई समृद्धशाली बन्न नदिने रणनीति नै हो भनेर सहजै बुझ्न सकिन्छ । नयाँ संविधानले नेपालको समृद्धिको ढोका खुल्ने कुराले भारत इर्ष्यालु बनेको छ । नाकाबन्दी त्यही इर्ष्याको परिणाम हो । नेपालको जलस्रोतमाथि कब्जा जमाउने रणनीतिलाई बलियो बनाउन उसले अनेक बहाना बनाएर नेपालमाथि दबाब र प्रभाव सिर्जना गर्न खोजेको कुरामा अब कुनै सन्देह बाँकी छैन । त्यसैले, नेपालले कूटनीतिक कुशलता प्रदर्शन गर्दै भारतको कुत्सित नियत पूरा हुन नदिन होसियारीपूर्वक कदम चाल्नुपर्छ ।

आफैंले समस्यामा पार्ने अनि समस्या पर्दा सहयोग गरेजस्तो गरेर नेपालमाथि सधैं आफ्नो प्रभाव र दबाब कायम राखिरहने भारतको नीतिअन्तर्गत नै नाकाबन्दी गरिएको यथार्थलाई बिर्सनुहुँदैन । नेपालको भूराजनीति र आर्थिक तथा सामाजिक धेरै कुरामा भारतमाथिको निर्भरतालाई विश्लेषण गरेर नै भारतले नेपालमाथि प्रभाव तथा दबाबको कूटनीति गर्ने र नेपालको राजनीतिका हरेक निर्णायक मोडमा पनि हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने रणनीति अपनाउँदै आएको छ । नेपालमा संविधान जारी गर्ने क्रममा पनि उसले यही रणनीतिलाई प्रयोग गर्न खोजेको थियो । तर नेपाली राजनीतिक दलहरूको आपसी सहमतिमा संविधान जारी भइसकेपछि रणनीतिमा असफल भारतले क्रुद्ध बनेर क्रूरतापूर्वक नाकाबन्दीको हतियार प्रयोग गरेर नेपाललाई झुकाउन खोजेको हो । तर, जस्तोसुकै कष्ट भोग्नुपरे पनि नेपालले झुक्नुहुँदैन र आफ्नो स्वाभिमान रक्षा गर्ने उपायको अवलम्बनतर्फ अग्रसर हुनुपर्छ । नाकाबन्दीलाई सशक्त रूपमा अन्तर्राष्ट्रियकरण गरी भारतमाथि अन्तर्राष्ट्रिय दबाबका लागि नेपालले कदम चाल्नुपर्छ ।

अहिलेको नाकाबन्दी भारतमाथिको अत्यधिक निर्भरताको परिणाम पनि हो । यसअघिका नाकाबन्दीमा भारतमाथिको निर्भरता तुलनात्मक रूपमा कम भएकाले त्यसको असर पनि कमै परेको थियो । विगतमा नाकाबन्दीमा जनताले केही कष्ट भोग्नुपरे पनि अर्थतन्त्रमा ठूलो असर परेको थिएन । तर, २०४६ सालको राजनीतिक परिवर्तनसँगै नेपालले उदार आर्थिक नीति अवलम्बन गर्‍यो । त्यसपछि नेपाली अर्थतन्त्रको आकार पनि क्रमशः बढ्न थाल्यो । साथै, नेपालको आर्थिक संरचनामा समेत व्यापक परिवर्तन आयो । नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै रेमिट्यान्स प्रवाह पनि बढ्न थाल्यो । यसले औसत नेपालीको आय पनि बढ्न थाल्यो । आयमा भएको वृद्धिले नेपाली जीवनशैलीमा पनि परिवर्तन आयो । आयमा भएको वृद्धिले औसत नेपालीको क्रयशक्ति पनि बढ्यो । यसले गर्दा उपभोगमा वृद्धि भयो र आयातमाथि दबाब सिर्जना भयो । विशेषगरी इन्धन, खाद्यान्न, औषधि लगायतका जीवन निर्वाहका लागि अत्यावश्यक वस्तुदेखि विलासिताका वस्तुहरूको परनिर्भरता बढ्दै गयो । यही परनिर्भरताले गर्दा अहिलेको नाकाबन्दीले गम्भीर असर पार्‍यो र जनजीवन अत्यन्त कष्टकर बन्यो अनि मुलुकको समग्र अर्थतन्त्रमाथि पनि गम्भीर असर पार्‍यो । सार्वजनिक सेवाका लागि स्थापित सार्वजनिक संस्थानहरूको संस्थागत सुधार र क्षमता विस्तारमा समयमै ध्यान नदिई त्यस्ता संस्थानहरूलाई राजनीतिक दलका कार्यकर्ता भर्ती गर्ने केन्द्र मात्रै बनाइँदै आएकाले संकटको अवस्थामा स्थितिलाई सहज बनाउन ती संस्थानले प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन् । फलस्वरूप नाकाबन्दीको असर थप गम्भीर बन्न पुग्यो र अर्थतन्त्रले ठुलो क्षति बेहोर्न बाध्य हुनुपर्‍यो ।

विगतमा भारतले गरेको नाकाबन्दीबाट पाठ सिकेर नाकाबन्दीको धक्का वहन गर्न सक्ने क्षमताको विकास गरी स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्रको विकासमा ध्यान नपुर्‍याउँदा अहिलेको नाकाबन्दीबाट बढी आर्थिक क्षति भएको विश्लेषणलाई केही हदसम्म सही नै मान्न सकिन्छ । कृषिमा विकास गरी खाद्यान्नमा आत्मनिर्भर बन्ने र ऊर्जाको प्रचुर स्रोतलाई उपयोग गरी ऊर्जाको विकास गरी ऊर्जामा आत्मनिर्भर बन्नुका साथै निर्यातसमेत गर्न सकिने सम्भावनालाई पुँजीकृत गर्ने अवसरलाई उपयोग गर्न नसकेको र पेट्रोलियम पदार्थ, खाद्यान्न तथा औषधि आदि अत्यावश्यक वस्तुको कारोबार गर्ने सरकारी संस्थानहरूले संस्थागत क्षमता अभिवृद्धि गर्न नसक्दा नाकाबन्दीको असर छिटो र गम्भीर रूपमा देखिएको हो ।

मूलतः नाकाबन्दीले अर्थतन्त्रमा गम्भीर असर पारेका कारण आर्थिक वृद्धि नै ऋणात्मक हुन सक्ने सम्भावना बढेको छ । यसले गर्दा विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्यसमेत पूरा नहुने भएको छ । नेपाल राष्ट्र बैंकले दुई प्रकारका आर्थिक परिदृश्यहरूका आधारमा गरेको विश्लेषणअनुसार चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर शून्य दशमलव ९ प्रतिशत ऋणात्मक हुन सक्ने अथवा १ दशमलव ७ प्रतिशतमा खुम्चिन सक्ने अनुमान गरिएको छ । भारतीय नाकाबन्दीको समस्या समाधान हुन अझै केही समय लाग्ने र सोको प्रभाव चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म कायम रहने परिदृश्यअनुसार नेपालको आर्थिक वृद्धिदर शून्य दशमलव नौ प्रतिशतले ऋणात्मक रहने अनुमान गरिएको छ भने यो समस्या तत्काल समाधान भई चालू आर्थिक वर्षको पहिलो ६ महिनापश्चात् विकास निर्माण कार्यले तीव्रता पाउने परिदृश्यअनुसार नेपालको आर्थिक वृद्धिदर १ दशमलव ७ प्रतिशत हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको बजेटले भने नेपालको आर्थिक वृद्धिदर ६ प्रतिशत हुने अनुमान गरेको थियो । समग्रमा नाकाबन्दीले झन्डै १० खर्ब रुपैयाँ बराबरको आर्थिक नोक्सानी भएको बताइएको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादनको झन्डै आधा हिस्सा नोक्सान भइसकेको यो अवस्थाले अर्थतन्त्र निकै जोखिम र संकटको अवस्थामा पुगेको देखाएको छ । यो अवस्थाबाट पार पाउन अब छिट्टै नै समस्याको समाधानतर्फ सरकारले गम्भीर पहल चाल्नैपर्ने आवश्यकता टड्कारो देखिएको छ ।

दक्षिण एसिया

## बदलाको राजनीति

केन्द्र सरकार र विपक्षी दलबिच पछिल्लो केही समयदेखि जारी टकराव सकिने छाँटकाँट देखिँदैन । यो टकराव संसद्मा हुने टकरावजस्तो होइन । यो विशुद्ध राजनीतिक लडाइँ हो, जुन मुख्यतः संसद्बाहिर लडिरहेको छ । विपक्षी दलहरूका साथ सरकारी संयन्त्र जुन प्रकारको व्यवहार गरिरहेका छन्, त्यसबाट सन्देह हुन्छ कि उसको उद्देश्य कुनै पनि मुद्दामाथि सहमति बन्न नदिने रहेको छ ।

नेसनल हेराल्ड मुद्दामा सरकार मलै सिधा संलग्न छैन तर सत्तारूढ बीजेपीका केन्द्रीय नेता सुब्रमण्यम स्वामीको यसमा निजी रुचि तथा यसलाई लिएर सत्तारूढ दलका सदस्यहरूको भनाइले बताइरहेका छन् कि सरकार यसमा आफ्ना लागि एउटा अवसर देखिरहेका छन् । यसै कारण हो मिडियासमेत सरकार समर्थक विभिन्न मञ्चका सट्टामा यही भ्रष्टाचारलाई सबैभन्दा ठुलो विषयका रूपमा उचालिरहेका छन् । यसको उल्टो अदालतका लागि यो एउटा सामान्य विषय हो, जसमा विना कुनै सुनुवाइ सोनियाँ गान्धी र राहुल गान्धीलाई 'बेल' दिइएको छ । सरकारले सायद यो भुलेको छ कि ऊ यूपी सरकारसँग जोडिएका विषयको विरोध गरेर चुनाव जित्न सफल भएको हो । चुनाव प्रचारको दौडान कालो धनको मुद्दा उसले सबभन्दा बढी जोडतोडले उठाएको थियो । तर, अझैसम्म न त विदेशबाट कालो धनको केही उल्लेखनीय मात्रा भारत आउन सकेको छ, न भारतबाट बाहिर पठाउनेहरूविरुद्ध कुनै कारबाही सुरु नै भएको छ । ख्याल रहोस्, मोदी सरकारको निसानामा कांग्रेस मात्र छैन । दिल्ली सरकारप्रति उसको रवैया सुरुबाटै देखिइरहेको छ ।

आम आदमी पार्टीका आधा दर्जन विधायकलाई जेल पठाइसकिएको छ । पछिल्ला दिनमा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालका मुख्य सचिव राजेन्द्रकुमारको कार्यालय र घरमा सीबीआईले छापा मार्‍यो । यस कार्यका दौडान एउटा तला सिल गरिएपछि मुख्यमन्त्री कार्यालयमा आवतजावत ठप्प भएको छ । अरविन्द केजरीवालको आरोप छ कि राजेन्द्र कुमारको बहानामा केजरीवाललाई निसाना बनाइँदै छ । सम्भव छ कि, अनुसन्धानका रूपमा सीबीआईले मुख्यमन्त्री कार्यालयको बिल्कुल मुख्य स्थानमा कारबाही गर्नुभन्दा पहिला मुख्यमन्त्रीबाट अनुमति लिन आवश्यक थिएन भने पनि उनीहरूले मुख्यमन्त्रीको पदको गरिमामा आघात नपर्ने गरी कारबाही गर्न सक्थे ।

सरकार चाहन्छ कि विपक्षी दल जनताको नजरमा शंकास्पद होस्, ताकि सरकारका विरुद्ध विपक्षी दलको बोली बन्द होस् । सन् २०१६ मा पाँच राज्यमा चुनाव हुँदै छ र मोदी सरकारको घट्दो लोकप्रियतालाई देख्दा लाग्दैन कि यसमा कुनै एउटा पनि उसका लागि खुसीको खबर हुनेछैन । यसलाई ध्यानमा राख्दै सरकार विपक्षीलाई लगातार रक्षात्मक मुद्रामा राख्न चाहन्छ । यति मात्र होइन, समाजवादी पार्टीलाई छाडेर कुनै पनि विपक्षी दल उसको यस खेलमा ताली बजाइरहेका छैनन् । कुनै सामान्य फाइदालाई छाड्ने हो भने बदलाको राजनीतिबाट कसैलाई पनि खास हित देखिँदैन ।

*(भारतबाट प्रकाशन हुने 'नवभारत टाइम्स'को सम्पादकीयबाट)*

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# द्वन्द्वग्रस्त मुलुकमा १ करोड ६० लाख शिशु : युनिसेफ

**एजेन्सी**
न्युयोर्क, ७ पुस

राष्ट्रसंघीय जनसंख्या कोष (युनिसेफ) ले यस वर्ष द्वन्द्वग्रस्त क्षेत्रमा १ करोड ६० लाख बालबालिका जन्मिएको जनाएको छ। बालबालिकासम्बन्धी सो संस्थाका अनुसार द्वन्द्वग्रस्त क्षेत्रमा बाल जन्मदरमा भएको वृद्धिले बालबालिकालाई थप जोखिममा परेका हुन्।

'द्वन्द्वको भुमरीमा हरेक दुई सेकेन्डमा हरेक नयाँ शिशुको जन्म हुने गरेको छ। विशेष गरी त्रासदीपूर्ण घटना भइरहेका बेला शिशुको जन्म हुने गरेको छ,' युनिसेफका कार्यकारी निर्देशक एन्थोनी लेकले मंगलबार एक विज्ञप्तिमार्फत भनेका छन्।

द्वन्द्वग्रस्त स्थलमा जन्मिएका बालबालिकालाई उचित स्वास्थ्य उपचारबाट वञ्चित भएको समेत सो संस्थाले जनाएको छ। 'अधिकांश बालबालिका द्वन्द्वदेखि प्राकृतिक विपत्ति, गरिबी, रोग, कुपोषण लगायतका कठिन अवस्थाबाट जीवन आरम्भ गर्दै छन्,' उनले भने।

त्यसो त नेपालमा पनि एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा लाखौं बालबालिका स्वास्थ्यलगायत विभिन्न जोखिममा परेका थिए। सो द्वन्द्वका क्रममा ५ सयभन्दा बढी बालबालिकाको मृत्यु भएको राष्ट्रिय मानव अधिकार आयोगले अनुमान गरेको थियो।

गर्भवती महिला स्वास्थ्य सहयोगीको सेवाविना र अस्वस्थ अवस्थामा बच्चा जन्माउन बाध्य छन्। उनीहरूका बच्चाको पाँचौं पटक जन्मदिन मनाउनुभन्दा आगडि नै मृत्यु हुने बढी सम्भावना रहेको छ भने आमाहरूले अनावश्यक तनाव र पीडा महसुस गरेका छन्। यसले बच्चाहरूको दीर्घकालीन भावनात्मक र बौद्धिक विकासमा अवरोध गरेको छ।

इराक, दक्षिणी सुडान, अफगानस्तान, मध्य अफ्रिकी गणतन्त्र, सिरिया र यमन लगायतका द्वन्द्वग्रस्त देशहरूमा नवजात शिशु र उनीहरूका आमाले ज्यादै ठुलो संकट सामना गरिरहेका छन्। यस संकटबाट उम्कन उनीहरूले सुरु गर्ने जोखिमपूर्ण यात्राका क्रममा समेत सामना गर्ने बताइन्छ। द्वन्द्व र गरिबीको अतिरिक्त वातावरण परिवर्तनको प्रभाव तथा अवसरको अभावले बालबालिकामा जोखिम बढेको र उनीहरूमध्ये लाखौं बालबालिका खतरनाक यात्रातर्फ धकेलिएको उल्लेख छ।

सन् २०१५ को पहिलो नौ वर्षमा २ लाखभन्दा बढी बालबालिका युरोपेली युनियनमा आबद्ध विभिन्न मुलुकमा शरण लिएका छन्। युद्ध, हिंसा र पीडाका कारण सन् २०१४ मा विश्वव्यापी रूपमा ३ करोड बालबालिका आफ्नो घरबाट निस्कन बाध्य भएका थिए। द्वितीय विश्वयुद्धपछि द्वन्द्वगस्त देशमा अहिले सबैभन्दा बढी मानिस विस्थापित भएका छन्।

युनिसेफका अनुसार हरेक नौ जनामध्ये एक बालबालिका द्वन्द्वग्रस्त क्षेत्रमा रहेका र उनीहरूले स्वास्थ्य, शिक्षा र सुरक्षामा निकै ठुलो चुनौती सामना गर्नुपरेको छ।

**नाइजेरियामा लाखौं बालबालिका शिक्षाबाट वञ्चित**

नाइजेरियमा हिंसा जारी राखेको बोको हराम नामक आतंककारी संगठनका कारण १० लाखभन्दा बढी बालबालिका विद्यालय शिक्षाबाट वञ्चित हुन पुगेका छन्।

राष्ट्र संघीय बालकोष युनिसेफले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार एक अध्ययनले १० लाखभन्दा पनि बढी बालबालिका शिक्षाबाट वञ्चित भएको देखाएको हो। बोको हरामको आतंकले गर्दा त्यहाँका बालबालिकामा त्रास छाएको तथा संरचनागत रूपमा पनि उनीहरू शिक्षाबाट वञ्चित हुन पुगेको युनिसेफले जानकारी दिएको हो।

नाइजेरिया र त्यसका छिमेकी देशहरूमा समेत यसको प्रभावका कारण बालबालिका शिक्षाबाट वञ्चित भएका छन्। यसबाट नाइजेरियाका साथै क्यामरुन, चाड र नाइजरमा पनि बालबालिकाको शिक्षा प्रभावित भएको पाइएको छ।

ती देशमा कम्तीमा पनि २ हजारभन्दा बढी विद्यालय बलजफ्ती बन्द गराइएको पनि युनिसेफले आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गरेको छ।

त्यसैगरी, बोको हरामले कतिपय विद्यालयलाई नै ध्वस्त बनाएका छन् भने कतिपयमा आगो लगाइदिएका छन्।

युनिसेफका लागि मध्य तथा पश्चिम अफ्रिकाका निर्देशक म्यानुअल फन्टेनले जति धेरै र लामो समयसम्म ती बालबालिका विद्यालयबाट वञ्चित रहन्छन् त्यति नै उनीहरूलाई दुर्व्यवहार बढ्ने भएकाले पनि यसका लागि सबै सचेत हुनुपर्नेमा जोड दिए। उनले लामो समयसम्म बालबालिकालाई विद्यालयबाट बाहिर राख्दा बोको हरामले नै उनीहरूलाई सेनामा भर्ती गर्न सक्ने खतरा रहेको दाबी गरे।

नाइजेरियाको उत्तर पश्चिमी नगरको एक विद्यालयमा नै हमला गरी बोको हरामका लडाकूहरूले सन् २०१४ को अप्रिल महिनामा कम्तीमा पनि २ सय ७६ बालबालिकालाई अपहरण गरी लगेका थिए।

त्यस अपहरणबाट लगभग संसार नै स्तब्ध भएको थियो। ती बालबालिकाको अवस्था अत्यन्तै नाजुक भएको बताइए पनि उनीहरूले लामो समयसम्म नै अज्ञात अवस्थामा नै राखेका थिए।



*इराकको सिनिजारका शरणार्थीहरू म्यासेडोनिया दक्षिण क्षेत्रमा अवस्थित गेभ्जेलिजा सहरनजिक रहेको शरणार्थी दर्ता शिविरमा नाम दर्ताका लागि प्रतीक्षा गर्दै। सन् २०१५ मा मुख्य गरी सिरिया, अफगानिस्तान र इराकका १० लाख शरणार्थी युरोप प्रवेश गरेको बताइएको छ।* **तस्बिर : एपी**

# सैनिक विमान दुर्घटनामा १० को मृत्यु

**नयाँ दिल्ली/एजेन्सी–** चार्टर गरेर सेनाका सदस्यहरूलाई लगिरहेको एक विमान नयाँ दिल्लीको प्रमुख विमानस्थलनजिकै मंगलबार दुर्घटनाग्रस्त हुँदा विमानमा रहेका १० व्यक्तिको मृत्यु भएको समाचार छ।

भारतीय एक मन्त्रीले सो दुर्घटनामा १० व्यक्तिको मृत्यु भएको पुष्टि गरेका छन्। विमानचालकसहित विमानमा सवार रहेका दसै जनाको मृत्यु भएको नागरिक उड्डयनमन्त्री महेश शर्माले बताएका छन्।

दुई इन्जिन भएको सानो सो विमान सेनाका १० सदस्य लिएर इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको केही समयपछि नै दुर्घटना भएको जनाइएको छ। सो दुर्घटना स्थानीय समयानुसार सोमबार बिहान ९:५० बजे बिहान भएको हुनुपर्ने अनुमान गरिएको छ। तर, दुर्घटनाको सूचना तत्कालै प्राप्त गर्न भने नसकिएको जनाइएको छ।

विमानस्थलबाट विमान उडेको केही समयपछि नै चालकसँग सम्बन्ध विच्छेद भएको वायुसेवाका अधिकारीहरूले जानकारी दिएका छन्।

# हत्याको बदला हत्या

**एएफपी**
नयाँ दिल्ली, ७ पुस

भारतमा एक छोराले १२ वर्षपछि आफ्नो बाबुको हत्यारालाई हत्या नै गरेर बदला लिएको समाचार छ।

सन् २००३ मा अलाम खान १२ वर्षको थियो। त्यसबखत उनीहरूको पारिवारिक एक मित्रले आफ्नो बुबाको हत्या गरेको उनले देखेका थिए।

सोही हत्याको बदला लिन उनले हत्याराको हत्या गरेको बताएको छ। पुरानो घटना सम्झिँदै त्यस हत्यारालाई पनि १२ टुक्रा पारेर नदीमा फालिदिएका छन्।

भारतीय सञ्चार माध्यमहरूले मंगलबार दिएको समाचारअनुसार खानले आफ्नो बाबुको हत्यारालाई घरमा रक्सी खान बोलाएको र रक्सीले मातेका उनलाई छुरी र ह्याम्मरले हानेर मारेका थिए।

उनले प्रहरीलाई दिएको बयानअनुसार आफ्नो बुबाको हत्यारालई मार्ने आफ्नो पुरानो इच्छाबमोजिम नै घरमा रक्सी खान बोलाएको र रक्सीले मातेपछि सुरुमा छुरीले हानेर ढालेपछि ह्याम्मरले टाउकोमा हानेर मारेको बताएका छन्। त्यसपछि ह्याक्सो ब्लेडले त्यस व्यक्तिका १२ ओटा टुक्रा पारी बोरामा हालेर नजिकैको नदीमा फालिदिएका थिए।

भारतको उत्तर प्रदेशमा गत हप्ता सो घटना भएको प्रहरीले जानकारी दिएको छ। त्यस व्यक्तिले सन् २००३ मा आफ्नो बुबाको घाँटी रेटेर हत्या गरेको आफूले देखेको भन्दै अलाम खानले सो योजना बनाएको बताएका छन्। उनले आफूले विगत लामो समयदेखि सो योजना बनाएको र गत हप्ता त्यो सम्भव पनि भएको सोमबार जानकारी दिए।

प्रहरीले पक्राउ गरेपछि सोमबार संवाददाताहरूसँग उनले भने, 'मैले विगत लामो समयदेखि यस कार्यका लागि पर्खिरहेको थिएँ र गत हप्ता मेरो सपना साकार भएको छ।'

उनले यसका लागि एक साथीको पनि सहयोग लिएको बयान दिएका छन्। तर, त्यस व्यक्तिलाई चक्कुले ढलाएपछि ह्याम्मरले हानेर मार्नेसम्मको काम भने आफैंले मात्र गरेको उनले बताए।

टुक्रा पारिसकेपछि भने प्लास्टिकका विभिन्न पोकामा हालेर नजिकैको नदीमा फाल्ने काममा उनले सघाएको बताए। यसरी मारेपछि उनीहरूले नदीमा लगेर फालेका थिए।

स्थानीय मोहम्मद राइस नामको त्यस व्यक्तिलाई खानले रक्सी खान साँझको समयमा घरमा बोलाएका थिए।

नदीमा शरीरका टुक्रा उत्रिएपछि प्रहरीले मारिने व्यक्ति राइस नै हुन् भनेर चिन्न पनि प्रहरीलाई निकै गाह्रो भएको थियो। शव उनैको हो भनेर चिनेपछि भने अलामले रक्सी खान बोलाएको र हत्या गरेको विषयमा खुलेको थियो। उनले हत्या स्विकारिसकेको बयान प्रहरीलाई दिएका छन्।

खानलाई उद्धृत गर्दै भारतीय पत्रिका टाइम्स अफ इन्डियाले लेखेको छ, मैले उसलाई मारिसकेपछि ठुलो आवाजमा संगीत बजाएँ र उसको शरीरका टुक्रा पारें। उनले आफ्नो बुबाको हत्यारा को हो भन्नेबारे १२ वर्षसम्म कसैलाई पनि भनेका थिएनन्। यसका लागि उनले अत्यन्तै गोप्य रूपमा यो योजना बनाएको र अहिले सफल भएको बताएका छन्।

प्रहरीसँगको बयानमा उनले भने, 'मैले यस बदलाका लागि १२ वर्षसम्म कुरें र आज काम सम्पन्न गर्न सकेकोमा म निकै खुसी छु।'

उनको अनुसन्धानमा खटेका प्रहरी सुपरिटेन्डेन्ट रामसुरेश यादवले खानले आफूले सो कार्य गरेको र बाबुको हत्यारालाई बदला लिँदा आफूलाई आनन्द आएको भन्दै खानले विना कुनै पश्चात्ताप स्वीकार गरेको बताएका छन्। प्रहरीले उनको घरबाट त्यस व्यक्तिलाई मार्न प्रयोग गरेका सबै सामग्री र हतियार बरामद गरिसकेको जानकारी पनि प्रहरीले दिएको छ।

# अफगानिस्तानमा आठ तालिबान मारिए

**काबुल सिन्हवा–** अफगानिस्तानमा त्यहाँको सुरक्षा बलले तालिबान सशस्त्र विद्रोहीविरुद्ध जारी राखेको कारबाहीका क्रममा मंगलबार आठ तालिबानको मृत्यु भएको समाचार छ।

अफगानिस्तानको गृह मन्त्रालयले मंगलबार प्रकाशन गरेको विज्ञप्तिमा सो जानकारी दिएको छ। देशका विभिन्न ठाउँमा भएका आतंककारीविरुद्ध कारबाहीहरूमा आठ तालिबानले ज्यान गुमाएका गृह मन्त्रालयले जानकारी दिएको छ।

अफगान राष्ट्रिय सुरक्षा बल (एएनएसएफ) ले बादख्सान कान्दाहार उरुजगान हेरात र हेलमान्ड प्रान्तमा तालिबानविरुद्ध कारबाही जारी राखेको छ। त्यसैगरी, अफगानिस्तानको पूर्वी प्रान्त कुनारमा रहेको एक सुरक्षा जाँचचौकीमा सोमबार राति तालिबान आतंककारी समूहले गरेको आक्रमणमा परी सुरक्षा बलका दुई सदस्यको मृत्यु भएको समाचार छ। तालिबानको सो आक्रमणपछि भएको सुरक्षा बल र तालिबानबिचको दोहोरो झडपमा चार तालिबान आतंककारी मारिएका छन्।


साउदी अरेबीयामा रोजगार
१. कम्पनी : AL HABBARI CONTRACTING GROUP — शहर : KSA — पूर्व स्वीकृत मिति : २०७२/९/७ — चलानी नं. : ५४७१ — LT. No. 147639
1 Labour 30 800 22,544; 2 Agriculture Labour 20 800 22,544 — ८ घण्टा ६ दिन
World Wide Employment Consultant (P.) Ltd.
Govt Lic No. : 127/055/065 | Tripureshwor, Ktm, Nepal
Telephone : 4257905, 4266768, 4218371
Fax : +977-1-4267079 | E-mail : wwpspa@hotmail.com

मलेशियामा रोजगार
१. कम्पनी : JGC SERVICE — LT. No. 147077 — 1 Factory Workers 08 1000 28,180
२ कम्पनी : KHOR AH LEK — LT. No. 146985 — 1 AGRICULTURE WORKERS 02 900 22,500
३ कम्पनी : SUPER ELECTRONICS INDUSTRIES (M) SDN BHD — LT. No. 147078 — 1 Factory Worker 04 900 22,500
४ कम्पनी : WAH SENG SDN BHD — LT. No. 147076 — 1 Factory Worker 05 900 22,500
Relation Employment Service Pvt. Ltd.
Basundhara, Kathmandu, P.O.Box: 111
Tel: +977-1-4359803 (O), Fax: +977-1-4360094
Govt. Lic. No: 906/067/068

SAUDI ARABIA मा रोजगार
१ कम्पनी : RAFEE METAL INDUSTRIES FACTORY — शहर : ksa — LT. No. 147702
1 Steel Door Worker 07 1200 33,816
Raj Overseas Pvt. Ltd.
P.O.Box: 9112 | Minbhawan, Kathmandu, Nepal.
Tel: 977 (1) 4106538, 4106559, 4106788 | Fax: 977 (1) 4106813
E-mail: info@rajoverseas.com | Web: www.rajoverseas.com
Govt. Lic. No. : 91/053/054

साउदी अरेबीयामा रोजगार
१. कम्पनी : TRIKHAM MADY EL SUBEI CO.FOR TRADING & CONTRACTING — शहर : KSA — LT. No. 147040
1 Truck Driver 02 1800 50,400
International Placement Services Pvt. Ltd.
Gyanodaya marg, Kalanki-14, Kathmandu, Nepal
Tel : 00977-1-4037226, Fax : 00977-1-4037125 ipsnepal2@gmail.com, devendraips@yahoo.com, thapadevendra@gmail.com
Website: www.ipsnepal.com.np
Dilli Kc 9849065799 [BRANCH OFFICE DANG]
Govt. Lic. No: 424/060/061

साउदी अरेबीयामा रोजगार
१. कम्पनी : WORLD ICE CONTRACTING EST — शहर : KSA — LT. No. 146951
1 LABOUR 02 800 22,544; 2 CONDITIONING AND REFRIGERATION TECHNICIAN/ INSTALLATION 06 1800 50,724
G.R. MANPOWER SERVICE PVT.LTD.
Govt. License no: 861/066/067, Sinamangal Chowk-09, Kathmandu, Nepal
Tel : +977-1-4466892, 4466893, Fax : +977-1-4466891,
Email : grmanpower861@gmail.com, grmanpower861@yahoo.com

साउदी अरेबीयामा रोजगार
1. AL-AFAQ AL-MUNIRAH CONTRACTING EST — शहर : KSA — LT. No. 147204
1 Labour 01 1000 28,180
सिनेट ईन्टरनेशनल प्रा.लि.
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
ईमेल: info@synnet206.com, वेबसाइट : www.synnetintl.com

SAUDI ARABIA मा रोजगार
१ कम्पनी : NAQLIAT ALMADAEN EST TRANSPORT GOODS — शहर : KSA — LT. No. 146113
1 Truck Driver 01 1800 50,724
कन्टिनेन्टल मेनपावर (नेपाल) प्रा. लि.
Continental Manpower (Nepal) Pvt. Ltd.
GPO Box : 9134, Jawalakhel-20, Lalitpur, Kathmandu, Nepal
Tel : +977-1-5551111/ 5552222, Fax : +977-1-5530561,
Email : continental@wlink.com.np, c_manpower@yahoo.com
Web: www.continentalnepal.com

**सुन-चाँदी**



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.४८,५००/- |
| तेजाबी प्रतितोला | - रू.४८,२५०- |
| चाँदी प्रतितोला | - रू.६८०/- |

# अर्थ

## एक वर्षभित्रमा ऊर्जामा असाधारण प्रगति : प्रधानमन्त्री

**राजधानी समाचारदाता**
काठमाडौं, ७ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालले १ सय ४ वर्षमा गर्न नसकेको जलविद्युत् उत्पादन एक वर्षमै गरिसक्ने दाबी गरेका छन्।

मंगलबार संसदको कृषि तथा जलस्रोत समितिको बैठकमा बोल्दै प्रधानमन्त्री ओलीले एक वर्षभित्र ऊर्जा क्षेत्रमा असाधारण प्रगति गर्ने ठोकुवा गरे। 'एक वर्षभित्र लोडसेडिङ अन्त्य गरी छाड्छौं, धेरैलाई विश्वास लागेको छैन।१ सय ४ वर्षमा हामीले ७ सय मेगावाट मात्र विद्युत् उत्पादन गर्न सकेका छौं, एक वर्षमा असाधारण प्रगति हुन्छ, नसोचेको काम हुन्छ।' ८३ हजार मेगावाट विद्युत् उत्पादनको क्षमता रहे पनि बहादुरहरू जन्माउने नेपालले थोरै मात्र उत्पादन गर्न सक्नु लज्जास्पद रहेको उनको भनाइ थियो।

ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण स्थापना भएको लामो समय बिते पनि ऊर्जाको उत्पादन दयनीय भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले फट्टाफट आयोजना अघि बढेर नयाँ पुराना सबै पाप कट्टा हुने गरी जलविद्युत् आयोजना अघि बढ्ने दाबी गरे।

सिंहदरबारलाई सौर्य ऊर्जा (सोलार) मार्फत ऊर्जामा आत्मनिर्भर बनाउन लागेको जानकारी दिँदै उनले सेना, प्रहरी, विद्यालयलगायतमा समेत सोलार जडानका लागि उपयुक्त नीति ल्याइने जानकारी दिए। १५ दिनभित्रै ग्याँस उद्योग स्थापनाका लागि अध्ययन सकेर उत्पादन गर्नका लागि विभिन्न कम्पनीले इच्छा देखाएको र सरकार नयाँ प्रविधिअनुसारका यस्ता कार्यलाई सकारात्मक रूपमा लिएर अघि बढ्न तयार रहेको पनि उनले बताए। उनले मुख्य रूपमा जलविद्युत् आयोजनालाई जोड दिने बताउँदै तातोपानीबाट समेत नेपालमा जलविद्युत् उत्पादनको सम्भावना रहेको बताए।

'मुख्य रूपमा जलविद्युत् आयोजना नै हो तर त्यो लामो समय लाग्ने भएकाले सोलार, वायु, जीओ थर्मललगायतका विकल्पमा पनि जानुपर्ने हुन्छ।' समिति सभापति गगन थापाले एउटा विद्युत् आयोजना निर्माणका लागि सातओटा मन्त्रालय, २३ ओटा विभाग र ३६ ओटा कानुनमा टेक्नुपर्ने अवस्था रहेको तथा कानुनदेखि संरचनामा समेत सुधारको आवश्यकता रहेको बताएका थिए।

बैठकमा उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडा, ऊर्जा सचिव सुमनप्रसाद शर्मालगायतले जलविद्युत् विकासका लागि सबैको समन्वय आवश्यक रहेको बताएका थिए।

## ढिलो भए पनि चीनबाट इन्धन ल्याउँछौं : वाणिज्यमन्त्री

**राजधानी समाचारदाता**
काठमाडौं, ७ पुस

वाणिज्य तथा आपूर्तिमन्त्री गणेशमान पुनले ढिलो भए पनि चीनबाट इन्धन ल्याइ छाड्ने प्रतिबद्धता जनाएका छन्।

मन्त्रालयद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री पुनले विश्व व्यापार संगठन (डब्लूटीओ) को दसौं मन्त्रिस्तरीय बैठकका सहभागी हुनुपरेकाले तथा चीनबाट इन्धन ल्याउन प्राविधिक, आर्थिक र बाटोसम्बन्धी विषयमा अध्ययन गर्नुपरेकाले इन्धनसम्बन्धी सम्झौता गर्न ढिलाइ भएको बताए। 'तर चिन्ता मान्नुपर्दैन्, मन्त्री पुनले भने, 'ढिलो भए पनि चीनबाट जस्तो सुकै अवस्थामा महँगोमा भए पनि इन्धन ल्याउछौं। 'ढुक्क हुनुहोस् चीनबाट इन्धन पक्कै आउँछ,' मन्त्री पुनले भने, 'इन्धनको मूल्य र करको विषयमा कुरा नमिल्दा इन्धन सम्झौतामा ढिलाइ भएको हो।'

मन्त्री पुनले चिनियाँ सरकारको स्वामित्वको चाइना पेट्रोलको स्तरबाट मात्रै कर र मूल्यसम्बन्धी समस्या समाधान नहुने र नेपाली टोलीका सहसचिव वा सचिवस्तरबाट फलदायी सम्झौता हुन नसक्ने भएकाले सरकारको उच्च स्तरबाट इन्धन ल्याउने विषयमा सम्झौता गर्न गृहकार्य सुरु भएको जानकारी दिए।

'उच्च स्तरमै वार्ता गरेर समस्यालाई टुंग्याउन उपप्रधान तथा परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली टोली चीन भ्रमणमा जाँदै छ,' मन्त्री पुनले भने, 'यो टोलीले जसरी पनि चिनियाँ पक्षसँग सम्झौता गरेर आउँछ।

तातोपानी नाका नेपालको पहिलो प्राथमिकतामा रहेको बताउँदै मन्त्री पुनले यसका लागि चिनियाँ पक्षसँग पटक-पटक पत्राचार र भेटेर ध्यानाकर्षण गराइए पनि त्यस विषयमा कुनै ठोस निष्कर्ष निस्कन नपाएको जानकारी दिए।

मन्त्री पुनले चिनियाँ पक्षले तातोपानीभन्दा केरुङ नाकालाई बढी प्राथमिकतामा राखेको जानकारी दिए। 'हामी तातोपानीलाई बढी प्राथमिकतामा राखेका छौं,' उनले भने, 'तर चिनियाँ पक्षले तातोपानी क्षेत्रको जमिनको भूवनोट निक्कै जोखिमपूर्ण भएको भन्दै केरुङ नाकालाई प्राथमिकतामा राखेका छन्।'

मन्त्री पुनले केन्याको नैरोबीमा हालै सम्पन्न भएको दसौं मन्त्रिस्तरीय विश्व व्यापार संगठनको बैठकमा नेपालले बेहोर्दै आएको नाकाबन्दी समस्यालाई प्राथमिकता दिएर अन्तर्राष्ट्रिय जगत्मा उठान गरेको औंल्याए। मन्त्री पुनले बैठकको क्रममा भारतीय समकक्षीसँग नाकाबन्दीको विषयमा पनि छलफल भएको जानकारी दिए।

## नबिल बैंकका कर्मचारीद्वारा रक्तदान



**काठमाडौं/रास–** नबिल बैंक कर्मचारी संघले २१औं वार्षिकोत्सव अवसरमा 'सामूहिक रक्तदान र अवकास प्राप्त कर्मचारी सम्मान समारोह' को आयोजना गरेको छ।

कार्यक्रममा नबिल बैंकमा लामो समय सेवा गरी उमेरका कारण सेवा निवृत भएका पूर्वकर्मचारी मीना मानन्धर, राम पुरी घिमिरे र कर्णबहादुर मोक्तानलाई सम्मान पत्र प्रदान गरिएको थियो। कार्यक्रममा ६५ जनाले रक्तदान गरेका थिए।

## टुरिजम डेभलपमेन्टको व्यावसायिक कर्जा

**काठमाडौं/रास–** टुरिजम डेभलपमेन्ट बैंकले 'टुरिजम व्यावसायिक कर्जा' को सुरुआत गरेको छ।

सो कर्जा सुविधा अन्तर्गत डाक्टर, इन्जिनियर, पाइलट, चार्टड एकाउन्टेन्ट्स, बैंकर्स, प्राध्यापक, राष्ट्र बैंकका अधिकृत, निजामती सेवाका अधिकृत तथा अन्य पेसामा संलग्न अधिकृतलाई १० लाख रुपैयाँसम्मको व्यावसायिक कर्जा किस्ताबन्दीमा भुक्तानी हुने बैंकले बताएको छ। सो कर्जा व्यक्तिगत धनजमानी मात्र लिई प्रवाह गरिने बैंकले बताएको छ।

## लाङटाङ भ्रमण गर्न रसुवावासीको चुलै निम्तो

**काठमाडौं/रास–** गत वैशाखमा गएको विनाशकारी भूकम्पका कारण मुलुकको आकर्षक पदयात्रा पर्यटकीय गन्तव्य रसुवाको लाङटाङ क्षेत्रले अत्यधिक क्षति बेहोर्‍यो।

पदयात्रा मार्ग हिँउ पहिरोका कारण ठाउँठाउँमा बिग्रिएको थियो। सो भूकम्पपछि गठित लाङटाङ पुनःस्थापना समितिका अनुसार पूरै गाउँ नै बगाउने गरी आएको हिमपहिरोमा चेपिएर ८० जनाभन्दा बढी विदेशी पर्यटक एवं करिब १ सयजना पर्यटन मजदुर, गाइड तथा पर्यटकका सहयोगीले ज्यान गुमाएका थिए। मानवीय क्षतिको आँकडा ३ सय ५५ हुँदा करोडौं भौतिक क्षति हुन पुग्यो।

यति धेरै क्षति बेहोरेको पर्यटकीय गन्तव्य अहिले भूकम्पले बनाएको विनासको धुलो टक्टक्याउँदै अघि बढ्ने प्रयत्न गर्दै छ। त्यहाँका स्थानीयवासी, नुवाकोट र धादिङका पर्यटन व्यवसायी एवं अन्य सरोकारवाला अहिले भूकम्पले भत्किएका संरचना निर्माणसँगै विभिन्न मुलुकबाट आउने विदेशी र स्वदेशी पर्यटकलाई सकेसम्म छिटो लाङटाङको पदयात्रा भ्रमणको चुलै निम्तो बाँडिरहेका छन्।

सोही चुलै निम्तो स्वरूप मंगलबार राष्ट्रिय पर्यटन व्यवसायी संघ (निट-नेपाल)ले लाङटाङको पछिल्लो वस्तुस्थिति समेटेर तयार पारिएको 'वाकिङ एन्ड वाकिङ' नामक वृतचित्र प्रदर्शन गर्‍यो। युवा पत्रकार अशोक सिलवालद्वारा निर्देशत सो वृतचित्रले विनाशकारी भूकम्पले क्षतविक्षत पारेको आकर्षक पर्यटकीय गन्तव्यस्थल लाङटाङ क्षेत्र पदयात्रा भ्रमणका लागि निकै सुरक्षित रहेको र अहिले त्यहाँको पर्यटकीय गतिविधि विस्तारै बौरिँदै गरेको दृष्यसहितको सकारात्मक सन्देश प्रवाह गरेको थियो।

निट नेपालका अध्यक्ष एवं टानका पूर्वअध्यक्ष दीपक महतका अनुसार साहसिक पर्यटनमा निश्चित हुन नसके पनि अब लाङटाङमा घुम्न जान कसैलाई डराउनुपर्ने अवस्था छैन।

## एभरेस्ट ग्याँसमा तोडफोड

**काठमाडौं/रास–** ग्याँस माग गर्दै स्थानीयवासीले कीर्तिपुरको चाल्नाखेलस्थित एभरेस्ट ग्याँस उद्योगमा तोडफोड गरेका छन्।

स्थानीयको नाममा ग्याँसको कालोबजारी गर्ने समूह तयार भई डिलरमा नपठई उद्योगले नै वितरण गर्नुपर्ने माग राख्दै दबाब सिर्जना गरी डिलरमा नै नपठाइ उद्योगले नै वितरण गर्नुपर्ने माग राख्दै उद्योगमा तोडफोड गरेको नेपाल एलपी ग्याँस उद्योग संघले जानकारी दिएको छ। संघका अनुसार उद्योगमा ढुंगामुढा प्रहार गर्दै उद्योगका सुरक्षकर्मी र उद्योगको प्लान्ट मेसिनरी समेत तोडफोड भएको छ।

स्थानीयवासी मंगलबार बिहानैदेखि लाइन बसेका थिए। दिउँसोसम्म पनि ग्याँस नपाएपछि तोडफोड गरेका हुन्। स्थानीयका अनुसार उनीहरूले पहिला पनि उद्योगसँगै रहेको डिपोबाट ग्याँस लिने गरेका थिए। स्थानीयवासीले आइतबार उद्योगसँग ३ सय सिलिन्डर ग्याँस मागेका थिए। उद्योगका सञ्चालक शिव घिमिरेले मंगलबार स्थानीयलाई १ हजार ग्याँस दिने आश्वासनसमेत दिएका थिए।

## विषादी मुक्त सप्ताह मनाइँदै

**काठमाडौं/रास–** 'घातक विषादीको प्रयोग निमूलीकरण गरौं, खाद्य स्वच्छता सुनिश्चित गरी मानव स्वास्थ्यको संरक्षण गरौं' भन्ने नाराका साथ विषादी मुक्त सप्ताह मनाइन लागेको छ। बाली संरक्षण निर्देशनालयको आयोजनामा विषादी प्रयोग घटाउन जनचेतना फैलाउने उद्देश्यले तेस्रो पटक सप्ताहव्यापी रूपमा विषादी मुक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

निर्देशनालयका कार्यक्रम निर्देशक डा.डिल्लीराम शर्माले हानिकारक विषादी प्रयोग रोक्न जनचेतना फैलाउनका लागि सप्ताहव्यापी रूपमा कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी दिए। हानिकारक विषादी रोक्न विभिन्न जिल्ला जिल्लामा समेत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न लागिको उनले जानकारी दिए।

पछिल्लो समय मानव स्वास्थ्यमा प्रत्यक्ष असर पुग्ने गरी तरकारीमा अत्यधिक मात्रामा विषादीको प्रयोग गरिँदै आएको छ। निर्देशनालयले विषादीको प्रयोग न्यूनीकरण गर्न साताव्यापारी रूपमा सडक नाटकलगायतका अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न लागेको छ। निर्देशनालयका अनुसार नेपालमा ४ सय १० टन विषादीको आयात हुने गरेको छ। जसमा १ सय ३८ किटनाशक, रोगनाशक १ सय ६४ टन, झारनासक १ सय एक र अन्य सात टन रहेको छ।

बर्सेनि ५७ करोड रुपैयाँबराबरको विषादी मुलुकमा भित्रिने गरेको छ। निर्देशनालले घातक १६ ओटा विषादीको आयात र बिक्री प्रतिबन्ध लगाएको छ। खुला सिमानाको कारणले गर्दा प्रतिबन्धित विषादीसमेत आयात हुने गरेको छ। निर्देशनालयले कृषि विभागको प्रांगण हरिहरभवनबाट जावलाखेलसम्म बुधबार प्रभात त्याली कार्यक्रम गर्दै छ।


नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**जिल्ला विकास समितिको कार्यालय**
चौतारा, सिन्धुपाल्चोक

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७२/०९/०८)

यस कार्यालयलाई आ.व. ०७२/७३ मा आवश्यक पर्ने तपसील बमोजिमका सामानहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएको हुँदा सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक फर्म तथा कम्पनीहरुबाट रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | आपुर्ति गर्नु पर्ने मालसामान | जमानत वापतको रकम | फाराम दस्तुर | बोलपत्र/दरभाउपत्र मान्य अवधी | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| DDC/Sindhu /01/072-73 | स्टेशनरी तथा मसलन्द सामान खरिद | रु. २९५००।- | रु ३००।- | दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले ४५ दिन | ०७२/९/२२ गते कार्यालय समय भित्र | ०७२/९/२३ गते दिनको १२ बजे भित्र | ०७२/९/२३ गते दिनको २ बजे |
| DDC/Sindhu /02/072-73 | कम्प्युटर तथा टोनर लगायतका सामानहरु खरिद | रु. २७,०००।- | रु ३००।- | | | | |

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात प्रत्येक प्याकेजको लागि रु ३००।-(अक्षरेपी रु. तीन सय, फिर्ता नहुने गरी) का दरले यस कार्यालयको जिन्सी शाखाबाट नगदै बुझाई खरिद गर्न सकिनेछ।
२. आपूर्तीकर्ताले यस कार्यालयले प्रमाणित गरी तयार गरेको दरभाउपत्र मात्र खरिद गरी दर्ता गर्नु पर्नेछ। साथै आपुर्तीकर्ताले आफ्नो दरभाउपत्र शिलबन्दी गरी रितपूर्वक सहिछाप गरी जिल्ला विकास समितिको कार्यालयको ठेगानामा आपूर्तीकर्ताको नाम, ठेगाना तथा कुन काम/प्याकेजको लागि दरभाउपत्र पेश गर्ने हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरी दर्ता गर्नुपर्नेछ।
३. माथि उल्लेखित अन्तिम मिति र समय भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा माथि उल्लेखित मिति र समयमा (दिनको २:०० बजे) यस कार्यालयमा खोलिने छ। सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा सिलबन्दी दरभाउपत्र खोलिने छ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट खरिद गरी सो को भोलिपल्ट दर्ता गरी उल्लेखित समयमा खोलिनेछ। ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएका तथा रित नपुगेका वा कुनै शर्त उल्लेख भई आएका सिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन। साथै प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।
४. सिलबन्दी दरभाउपत्र फाराम साथ खरिद गर्ने फर्म, कम्पनी वा संस्थाले आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ। यद्यपि आ.व. ०७१/७२ को कर चुक्ता भई नसकेको भएमा आ.व. २०७०/७१ सम्मको कर चुक्ता प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र (नवीकरण सहित) का प्रमाणपत्रहरुका प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।
५. सिलबन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचीमा नपरेको भनी लिखित कबोल गरेको स्व-घोषणापत्र अनिवार्य रुपमा सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
६. सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी दरभाउपत्रको जमानत फाराम नमूना यस कार्यालयले संलग्न गरेको विवरणमा उल्लेखित नमूना बमोजिम हुनुपर्नेछ अन्यथा मान्यता दिन नमिल्ने व्यहोरा जानकारी गराइन्छ। साथै माथि उल्लेखित जमानत बराबरको रकम 'क' वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको हुनु पर्नेछ। दरभाउपत्र जमानतको हकमा ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको जमानत पेश गर्नुपर्नेछ। दरभाउपत्र जमानत बापत बैंक मार्फत नगदै जम्मा गर्न चाहने दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, चौतारा शाखामा रहेको ग-३-१ धरौटी खातामा जम्मा गरी सो को सक्कलै भौचरको प्रति दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।
७. सिलबन्दी दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु, परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ। दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
८. दरभाउपत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन।
९. दरभाउपत्रदाताले संलग्न परिमाण मूल्य पत्र (Bill of Quantity) मा उल्लिखित प्रत्येक महलमा भर्नुपर्ने स्थानमा स्पष्ट रुपमा भर्नुपर्नेछ।
१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।
१२. यो सूचना यस कार्यालयको सूचना पाटी तथा वेभसाईट www.ddcsindhupalchowk.gov.np मा समेत हेर्न सकिनेछ।



**INVITATION FOR BIDS**

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
Central Regional Irrigation Directorate
**Irrigation Development Division, Ramechhap**
First Date of Publication: 23rd Dec, 2015

Loan No. 3124 (NEP), Community-Managed Irrigated Agriculture Sector Project–Additional Financing (CMIASP- AF)
Contract No. and Title: CMIASP-AF/B1/Ramechhap/NCB-02, Tilpung Khola Judemuhan ISP, Tilpung -9, Ramechhap
Deadline for Submission of Bids: 22nd Jan, 2016

1. Nepal has received a loan from the Asian Development Bank (ADB) towards the cost of Community-Managed Irrigated Agriculture Sector Project – Additional Financing (CMIASP- AF). Part of the loan will be used for payments under the Contract named above. Bidding is open to all bidders from eligible source countries of the ADB.
2. The Irrigation Development Division, Ramechhap sealed bids from all eligible bidders for the construction and completion of Tilpung Khola Judemuhan ISP, Tilpung -9, Ramechhap. ADB's Single-Stage, Two-Envelope bidding procedure following national competitive bidding (NCB) shall be used for the procurement of this contract.
3. Under the Single-Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of the Bid Document.
4. Bidders are required to specify the Total Price of the Bid in the Letter of Price Bid and the Priced Bill of Quantities (BOQ). These forms are to be in the envelope containing the price proposal. Failure to specify the Total Price of the Bid in the Letter of Price Bid or the Priced Bill of Quantities (BOQ) shall be ground for declaring the Bid nonresponsive.
5. The Bidder must satisfy the following Key Qualifying Criteria for the qualification of Bid:
   (i) **Historical Financial Performance**: Submission of Audited Balance Sheet and Income Statements for the Last Five Years to demonstrate the current soundness of the applicant's financial position. As a minimum, a Bidder's Net Worth shall be Positive.**(As per 2.3.1 of Sec 3 of Bid Document)**
   (ii) **Average Annual Construction turnover**: Minimum average annual construction turnover of NPR (as mentioned in "The Work" below) calculated as the average of the Best Three (3) Years' total certified payments received for contracts in progress or completed, within the last Five (5) Years. **(As per 2.3.2 of Sec 3 of Bid Document )**
   (iii) **Financial Resources Requirement**: As a minimum, the Bidder must show that his financial resources, in terms of at least Last Year's working capital and lines of credit, will be adequate to cover his Bid Price and current work commitments. **(As per 2.3.3 of Sec 3 of Bid Document)**
   (iv) **Contracts of Similar Size and Nature (Specific Construction Experience)**: Bidder's participation as contractor, management contractor, or subcontractor, in at least one contracts within the last Five (05) years with a value of at least NPR(as mentioned " The work" below) that have been successfully completed and that are similar to the proposed works.**(As per 2.4.1 of Sec 3 of Bid Document )**
6. For further information and inspection of Bid Documents, the Bidders should contact:
   Irrigation Development Division, Ramechhap
   Telephone: 048-540118, Fax:
7. Eligible Bidders can purchase the Bid Documents from:
   Irrigation Development Division, Ramechhap, by producing their Bidder's registration and Tax Clearance Certificates up to**21st Jan,2016** during the Office Hours, and paying a non-refundable fee as mentioned below (The Work).The Bidders in the form of Joint Venture (JV) can also take part in the biding process. The qualifying criteria for each partner shall be as per the provision of the bidding document.
8. Bids shall be delivered:
   To Irrigation Development Division, Ramechhap on or before the deadline: 22nd **Jan, 2016, 12:00 Noon** together with a Bid Security as mentioned below in "The Work" in the form of bank voucher deposited in Account Number **1680203000000, Rastriya Banijya Bank , Ramechhap Branch** or Bank Guarantee from a reputable Bank drawn in favor of the Irrigation Development Division,Ramechhap, in the format supplied in the bid document or the form acceptable to the Division. Bids shall be valid for a period of 90 days from the last date of submission of bids. Bid Security shall have a validity period of at least 120 days from the last date of submission of bids. A Pre-bid Meeting shall be held on**10 Jan, 2016** at Irrigation Development Division, Ramechhap at **11:00 AM**.
9. Technical Bids will be opened on **22nd Jan 2016 at 12:30 PM** in the presence of bidders representatives who choose to attend.
10. After the completion of evaluation of Technical Bid, substantially responsive evaluated bidders will be invited to attend the opening of Price (Financial) Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in the national daily.
11. If the last date of purchase, submission, and opening of Bid Documents falls on a government holiday, then it shall be extended to the respective next working day.
12. The Employer reserves the right to accept or reject wholly or partly any or all of the bids without assigning any reason whatsoever.
13. "The Work"

| S. N. | Contract No. | Average Annual Construction Turnover (NRs.) | Specific Construction Experience (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | CMIASP-AF/B1/Ramechhap/NCB-02 | 14.70 Millions | 7.30 Millions | 2,10,000.00 | 3000 |

## आजबाट साफ च्याम्पियनसिप

# चुनौतीसँगै मौका

**प्रकाश कँडेल/राजधानी**
काठमाडौं, ७ पुस



नेपाली खेलकुदमा पछिल्लो समय खराब काण्डका कारण चर्चामा रहेको नेपाली फुटबलले आजबाट एक अर्को अध्यायको सुरुआत गर्दै छ। जसमा नेपालसामु यो पटक साफ च्याम्पियनसिपको फाइनल यात्रा तय गर्दै पहिलो साफको उपाधि अपेक्षा रहने छ।

बुधबार(आज)बाट भारतको केरला स्थित त्रिभेन्द्रममा दक्षिण एसियाकै प्रतिष्ठित फुटबल प्रतियोगिताका रूपमा रहेको साफ च्याम्पियनसिपको ११ औं संस्करणको उद्घाटन खेलमा नेपालले तुलनात्मक रूपमा सहज प्रतिद्वन्द्वीका रूपमा हेरिएको श्रीलंकाविरुद्ध प्रतिस्पर्धा गर्दै छ।

प्रतियोगितामा यो पटक पाकिस्तान सहभागी नभएपछि सात राष्ट्रले सहभागिता जनाएका छन्। जसमा नेपाल समूह 'ए' अन्तर्गत आयोजक भारत र श्रीलंकाविरुद्ध आफ्नो समूहचरणको खेलमा प्रतिस्पर्धा गर्ने छ। प्रतियोगितामा नै समूह 'बी' मा बंगलादेश, माल्दिभ्स, अफगानिस्तान र भुटान रहेका छन्। प्रतियोगितामा तुलनात्मक रूपमा सहज समुहमा परेको नेपाल पहिलो खेलमा नै जित निकाल्दै अघिल्लो चरणमा पुग्ने आफ्नो सम्भावना दरिलो बनाउने ध्याउनमा मैदान उत्रने छ। पहिलो खेल नै नेपालका लागि चुनौतीका रूपमा रहने निश्चित छ।

नेपाल सम्भवत आफ्नो दोस्रो तथा समूह चरणको अन्तिम खेल भारतसँग खेल्नुअघि नै प्रतियोगितामा नेपालको सम्भावना के हुने भन्ने निर्णयमा पुग्ने छ। किनकि श्रीलंकाले नेपालअघि भारतसँग प्रतिस्पर्धा गर्ने छ।

नेपाल टिमका प्रशिक्षक प्याट्रिक ओसेम्सले पनि नेपाली टिमका लागि श्रीलंकाविरुद्धको खेल गर या मरका रूपमा रहेको बताए। उनले भने 'यो खेल जित्नुभनेको ९९ प्रतिशत सेमिफाइनलमा स्थान बनाउनु हो।' यस्तोमा नेपालले पहिलो खेलमा श्रीलंकालाई पराजित गरे र भारतले पनि हराएमा अन्तिम खेलअगावै नेपाल सेमिफाइनल प्रवेश गर्ने छ।

नेपालका लागि समूह चरणको दोस्रो खेलका रूपमा रहेको भारतविरुद्धको खेल नेपालका लागि सर्वाधिक प्रतिष्ठाको लडाइँ पनि हुने छ। किनकि दुई वर्षअघि काठमाडौंमा सम्पन साफ च्याम्पियनसिपमा नेपालले भारतलाई २-० ले पाखा लगाउँदै सेमिफाइनल यात्रा तय गरेको थियो। त्यसयता भएका भिड्न्तमा भने नेपाल गोल गर्न असफल रहँदै आएको छ।

### श्रीलंकाविरुद्ध बलियो

नेपाल र श्रीलंका धेरै पटक आमुन्ने सामुने भएका छन्। एकअर्काविरुद्ध १५ पटक आमुन्ने सामुने भए पनि पछिल्ला ६ भिड्न्तमा भने नेपाललाई श्रीलंकाले पराजित गर्न सकेको छैन। यद्यपि, समग्रमा भने श्रीलंका नेपालमाथि जित निकाल्न सफल भएको छ। श्रीलंकाले ५ तथा नेपालले २ खेलमा जित निकालेको छ।

पछिल्लो ६ खेलमा नेपालको २ जित र ४ बराबरी खेलेको छ। यद्यपि, त्यसअघिको ९ खेलमा नेपाल एक पनि जित आत्मासात् गर्न सकेको थिएन भने ५ हार बेहोर्न बाध्य भएको थियो।

श्रीलंका र नेपालले साफ च्याम्पियनसिपमा भने धेरै पटक भिड्ने मौका पाएका छैनन्। नेपाल १९९७ मा श्रीलंकासँग ३-१ ले पराजित भएको थियो भने १९९९ को संस्करणमा भने नेपाल श्रीलंकालाई ३-२ ले हराउँदै पहिलो पटक साफ च्याम्पियनसिपको सेमिफाइनल पुग्न सफल भएको थियो।

त्यसयताका धेरै संस्करणमा नेपाल समूह चरणबाटै बाहिरियो पछिल्लो पटक २०११ यता भने नेपाल निरन्तर सेमिफाइनलमा स्थान बनाउन सफल भएको छ। नेपालले २०११ मा भारत र २०१३ मा नेपालमा भएको खेलमा सेमिफाइनल प्रवेश गऱ्यो यद्यपि दुवै पटक अफगानिस्तानसँग पराजित हुँदै फाइनलअघि नै प्रतियोगिताबाट बाहिरिँदै आएको छ।

# यू-१९ विश्वकप टिमको घोषणा

**काठमाडौं/रास-** आगामी ८ माघबाट बंगलादेशमा हुने आईसीसी यू-१९ विश्वकप क्रिकेटका लागि नेपालले राजु रिजालको कप्तानीमा १५ सदस्यीय नेपाली टिमको घोषणा गरेको छ।

आरिफ सेख उपकप्तान रहेको टिममा सन्दीप सुनार, सुनिल धमला, दिपेन्द्र ऐरी, सौरभ खनाल, प्रेम तामाङ, सुशील कँडेल, दिपेश श्रेष्ठ, राजवीर सिंह, योगेन्द्र कार्की, सन्दीप लामिछाने टिममा रहेका छन्। हिमान्सु दत्त, शंकर राना र ईशान पाण्डेले पनि यू-१९ विश्वकपका लागि टिममा स्थान बनाउन सफल रहे।



कुशल भुर्तेल, इर्साद अहमद, ललितनारायण राजवंशी र नन्दन यादव वैकल्पिक खेलाडीका रूपमा टिममा स्थान बनाउन सफल भए।




**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## कान्ति वाल अस्पतालको

### बोलपत्र/दरभाउपत्र स्वीकृत गरिने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७२।०९।०८**

मिति २०७२।०६।२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम आ.व. २०७२/७३ मा यस अस्पतालको फार्मेशीका लागि आवश्यक पर्ने बिभिन्न औषधि लगायतका सामग्रीहरुको बोलपत्र/दरभाउपत्र माग गरिएकोमा यस कार्यालयमा तोकिएको समयभित्र दर्ता हुन आएका बोलपत्र/दरभाउपत्रहरुको आइटम वाइज मूल्याङ्न गर्दा तपशिलमा उल्लेखित बोलपत्रदाता/दरभाउपत्रदाताहरुको बोलपत्र/दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले यस अस्पतालको मिति २०७२।०९।०७ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाता/दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः** यस अस्पतालको निर्णयानुसार फार्मेशीका लागि आवश्यक औषधिजन्य सामग्रीहरुको सम्वन्धमा यस अस्पतालको कन्सलट्याण्ट चिकित्सकहरुको बैठकले सिफारिश गरेकोमा सिफारिश गरे अनुसारका ब्राण्ड नामका औषधिहरु सोही अनुसार र अस्पतालले ब्राण्ड नाम उल्लेख नगरेकामा औषधिहरुको दरभाउपत्र/बोलपत्रमा उल्लेख भए बमोजिम आपूर्ती गर्नुपर्ने छ। फार्मेशी सामग्रीहरु (प्याकेज १,२,३,५,७,८,९,१०,११,१२,१४) को खरिद मूल्यको हकमा MRP मा पच्चिस प्रतिशत भन्दा बढी छुट कबोल गरेको छ भने BOQ मा उल्लेख भए बमोजिम नै हुने र BOQ मा पच्चिस प्रतिशतभन्दा कम छुट कबोल अंक भएमा स्वदेशी उत्पादनको हकमा MRP को कम्तिमा पच्चिस प्रतिशत एवं विदेशी उत्पादनको हकमा कम्तिमा MRP को सोह्र प्रतिशत कम मूल्यमा उपलब्ध गराउनु पर्ने छ। प्याकेज ४ र १३ को हकमा MRP मा पन्ध्र प्रतिशत भन्दा बढी छुट कबोल गरेको छ भने BOQ मा उल्लेख भए बमोजिम नै हुने र सो भन्दा कम छुट उल्लेख गरेको छ भने MRP मा पन्ध्र प्रतिशत छुट मूल्यमा उपलब्ध गराउनुपर्ने छ।

**तपशिल**

| ठे.सू. नं. | सामग्रीको विवरण | छनौटका लागि सिफारिश भएका बोलपत्र/दरभाउपत्र दाताको नाम र ठेगाना | स्वीकृत आइटम संख्या | बोलपत्र/दरभाउपत्रको स्वीकृत आइटमको जम्मा कबोल रकम (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 13-29/2072/73 | Pharmacy Goods Package 13-29 | Assured Pharmaceuticals, Baneshwor | 240 | 9392868.50 |
| | | Banglamukhi Medicines Suppliers, Lokanthali | 69 of 82 | 10246860.00 |
| | | Gauri Medicine Suppliers, Tripureshwor | 1 | 4700.00 |
| | | Jai Saibaba Surgical House, Lokanthali | 30 | 8727.00 |
| | | Mediaid Concern Pvt. Ltd. Chhetrapati | 64 | 7073350.00 |
| | | Medipoint International Pvt.Ltd., Gairidhara | 15 | 100270.00 |
| | | Rapti International, Pyuthan | 3 | 38100.00 |
| | | Sanghai Pharmaceutical Pvt. LTd., Chhetrapati | 122 | 8726558.00 |
| | | Surgimed Distributors, Dharan | 7 | 144162.00 |
| | | Technomed International Pvt. Ltd., Naxal | 41 | 1655535.00 |

**खरिद इकाइ**
**कान्ति वाल अस्पताल**

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

## चन्द्रागिरी नगरपालिका कार्यालय

**बलम्बु, काठमाडौं**

### सवारी साधन आपूर्ति सम्वन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मितिः- २०७२/०९/०८ गते)**

१) यस नगरपालिकालाई आवश्यक पर्ने सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७१/०७२ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७१/०७२ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरे पछी नियमानुसार बोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत बापतको रकम यस नगरपालिका कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको खाता नं. १७००३०३००३००३ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (बिडवण्ड) बोलपत्रसाथ पेश गर्नुपर्ने छ। यसरी पेश गरिने जमानत बापतको भौचर वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छन्।

८) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

९) बोलपत्र सम्बन्धी थप जानकारीका लागी चन्द्रागिरी नगरपालिका कार्यालय, बलम्बु, काठमाडौंको फोन नं. ४३१५७६६ तथा चन्द्रागिरी नगरपालिका कार्यालय, बलम्बुमा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| १ | Right Hand Drive 4x2 light Jeep | थान १ (एक) | १,०००/- | कबोल अङ्कको २.५० प्रतिशत |

**कार्यकारी अधिकृत**

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**